आर्थिक, सामाजिक अधिकार बिषयक

# सार्वजनिक सरोकारको मुद्दा

महिला, कानुन र विकास मञ्च (FWLD)

अविभेद र समानताका लागि कार्यरत

आर्थिक, सामाजिक अधिकार बिषयक

# सार्वजनिक सरोकारका मुद्दाहरु

प्रकाशन नं. १८२

# बिषय सूची


**भाग १ : आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार**

- संक्षिप्त परिचय ........ १
- महत्व ........ १
- संक्रमणकालिन अवस्थामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार ........ २

**भाग २ : रिट**

- संक्षिप्त परिचय ........ ३
- रिटका प्रकारहरू ........ ४
- रिट जारी हुने अवस्थाहरू ........ ४
- क्षेत्राधिकार ........ ७

**भाग ३ : सार्वजनिक हित र सरोकारको मुद्दा**

- संक्षिप्त परिचय ........ ८
- नेपालमा रिट र सार्वजनिक सरोकारको विषयमा कानूनी उपचारको शुरूवात ........ ८

**भाग ४ : सूचनाको हक**

- संक्षिप्त परिचय ........ १०
- "सूचनाको हक" भित्र के के पर्छ ? ........ १०
- सूचना प्राप्त गर्ने तरिका ........ १०
- सूचनाको हक, सार्वजनिक हित र सरोकारको मुद्दा बीचको सम्बन्ध ........ ११
- सार्वजनिक सरोकारको मुद्दा र संचार क्षेत्रको सम्बन्ध ........ १२
- सार्वजनिक सरोकारको बिषयमा सम्वाद र सहकार्य गर्नु पर्ने निकाय र क्षेत्र ........ १२

**भाग ५ : सार्वजनिक सरोकारको मुद्दा उठान गर्दा ध्यान दिनु पर्ने कुराहरू**

- सार्वजनिक सरोकारको मुद्दा उठान गर्दा ध्यान दिनु पर्ने कुराहरू ........ १३
- सार्वजनिक सरोकारको मुद्दाको चरणहरू ........ १३
- चुनौती ........ १४

**भाग ६ : ICESCR अन्तर्गत राज्यको दायित्व** ........ १५

**अनुसूचीहरू** ........ १६-३७

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** ........ ३८

# भाग १

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ESCR)

### संक्षिप्त परिचय

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले मानव जिवनका महत्वपूर्ण तत्व जस्तै मर्यादा, स्वतन्त्रता, लगायत स्वास्थ्य, शिक्षा, खाना, पानी सरसफाइ, आवास, सामाजिक सुरक्षा, स्वच्छ वातावरण तथा सांस्कृतिक तत्वहरूलाई समाविष्ट गर्दछ । यी अधिकारहरूलाई आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धी (ICESCR) ले मानव अधिकारकै मान्यता प्रदान गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले दुईवटा स्वतन्त्रतालाई समेटेको पाइन्छः

(१) राज्यबाटको स्वतन्त्रता, र

(२) राज्यमार्फतको स्वतन्त्रता ।

उदाहरणः राज्यबाटको स्वतन्त्रता भन्नाले – पर्याप्त आवासको अधिकार अन्तर्गत राज्यका निकायहरूबाट जबरजस्ती हटाउन नपाउने/नमिल्ने व्यवस्था हो । त्यसैगरी राज्यमार्फतको स्वतन्त्रता भन्नाले पर्याप्त आवासको लागि आवश्यक सहयोग राज्यले प्रदान गर्नुपर्ने व्यवस्था हो । मानवअधिकारका रूपमा रहेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले राज्य तथा गैर राज्य पक्षहरूलाई विश्वव्यापी रूपमा रहेका मान्यताअन्तर्गत यी अधिकारका उल्लंघनका लागि जवाफदेहिता सिर्जना गर्दछ र साथै आर्थिक र सामाजिक न्याय, राजनीतिक सहभागिता र समानताको परिचालनका लागि सामान्य रूपरेखा पनि तयार गर्दछ ।

राज्यबाटको स्वतन्त्रता भन्नाले - पर्याप्त आवासको अधिकार अन्तर्गत राज्यका निकायहरुबाट जबरजस्ती हटाउन नपाउने/नमिल्ने व्यवस्था हो । त्यसैगरी राज्यमार्फतको स्वतन्त्रता भन्नाले पर्याप्त आवासको लागि आवश्यक सहयोग राज्यले प्रदान गर्नुपर्ने व्यवस्था हो ।

### महत्व

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लंघनले धेरै नकारात्मक प्रभाव पार्न सक्दछ । जबरजस्ती विस्थापन वा निष्काशनले

घरवारविहीन बनाउने, जनजिवनमा क्षति पुऱ्याउने, व्यक्तिको सामाजिक सञ्जालको विनाश हुने साथै नकारात्मक मनोवैज्ञानिक प्रभाव पर्ने खतरा रहन्छ । यतिमात्र नभईकन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको खण्डनले सिङ्गो समुदायलाई नै नकारात्मक प्रभाव पार्दछ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लंघनले समाजमा द्वन्द्वको पनि सिर्जना गर्दछ । जस्तैः जातिय हत्या, बिभेद, भोकमरी आदि । यी अधिकारको प्रयोग गर्दा पद्धतिबद्ध भेदभाव र असमानतालाई सम्बोधन गर्न नसकेमा द्वन्द्व पुनःस्थापनाको अवस्थालाई कमजोर बनाउँदछ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको खण्डनले अन्य मानव अधिकारको उल्लंघनलाई प्रेरित गर्छ । उदाहरणका लागि शिक्षाबाट वञ्चित व्यक्तिलाई रोजगारी, राजनीतिक सक्रियता अथवा वाक स्वतन्त्रताबाट समेत वञ्चित रहनुपर्छ । महिला अधिकार अन्तर्गतको पर्याप्त आवासको सुरक्षा प्रदान गर्न असमर्थ भएमा महिलाहरुमा घरेलु हिंसाबाट पीडित हुने खतरा रहन्छ, जहाँ उनलाई अपमानजनक सम्बन्ध वा घरवारविहीन हुनु मध्ये एक अवस्था स्वीकार्नुपर्ने बाध्यता रहन्छ ।

महिला अधिकार अन्तर्गतको पर्याप्त आवासको सुरक्षा प्रदान गर्न असमर्थ भएमा महिलाहरुमा घरेलु हिंसाबाट पीडित हुने खतरा रहन्छ । जहाँ उनलाई अपमानजनक सम्बन्ध वा घरवारविहीन हुनु मध्ये एक अवस्था स्वीकार्नुपर्ने बाध्यता रहन्छ ।

## संक्रमणकालिन अवस्थामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संक्रमणकालिन अवस्था, विपति वा सशस्त्र द्वन्द्वको समयमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित राज्यको दायित्व कम गर्न मानवअधिकार अन्तर्गत कुनै पनि अनुमति दिइएको हुँदैन । अझ यस्तो अवस्थामा विशेष गरी सिमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार बचाउन बढी ध्यान दिनुपर्दछ । उदाहरणका लागि द्वन्द्वका क्रममा सार्वजनिक, भौतिक संरचना ध्वस्त पार्ने या ठूलो संख्यामा सर्वसाधारण विस्थापित गर्नु जस्ता कार्य द्वन्द्वका प्रमुख माध्यमका रूपमा लिने गरिन्छ, जसका कारण भोकमरी, खाद्य भण्डारमा अनावश्यक हस्तक्षेप, खेतीयोग्य जमिन नष्ट हुनु र राहत वितरणमा प्रभाव पर्ने खालका क्रियाकलाप हुने गर्दछ । त्यसैले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्बोधनले द्वन्द्व र विपतिबाट बच्न र पुर्नउत्थान गर्न मद्दत गर्दछ ।

# भाग २

## रिट (WRIT)

### संक्षिप्त परिचय

रिट भन्नाले सामान्य अर्थमा कुनै काम गर्ने वा नगर्ने गरी अदालतबाट जारी गरिने विशेषाधिकारयुक्त आदेश हो । बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा गरी मूलभूत रूपमा ५ प्रकारका रिटहरु हुन्छन् । नागरिक अधिकारको प्रचलनका लागि निषेधाज्ञाको रिट पनि महत्वपूर्ण मानिन्छ ।

**बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा गरी मुलभूत रूपमा ५ प्रकारका रिटहरु हुन्छन् । नागरिक अधिकारको प्रचलनका लागि निषेधाज्ञाको रिट पनि महत्वपूर्ण मानिन्छ ।**



## रिटका प्रकारहरु

- बन्दीप्रत्यक्षीकरण,
- परमादेश,
- उत्प्रेषण,
- प्रतिषेध,
- अधिकारपृच्छा ।

जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ ।

## रिट जारी हुने अवस्थाहरु

- **बन्दीप्रत्यक्षीकरणको रिट**
  - व्यक्ति, संस्था वा निकायका विरूद्धमा पनि जारी हुने
  - अधिकारको रिट
  - अरूले पनि दायर गर्न सक्नेरअदालत स्वयंले पनि कारवाही गर्न सक्ने
  - थुनाको कारण कानून संगत छ छैन
  - थुनामा राख्ने कानूनी अख्तियारी छ छैन
  - अख्तियारवाला जो हो उसैको आदेशले थुनामा राखेको हो होइन
  - आवश्यक कानूनी कार्यविधिको पालना गरिएको छ छैन
  - जुन कानूनको अख्तियारी प्रयोग गरेर थुनामा राखिएको हो सो कानून स्वयं संवैधानिक छ छैन
  - वद्नियत साथ वा प्रवृत्त भावना बनाइ थुनामा राखेको हो होइन
  - थुनामै राख्नु पर्ने कारण भए थुनामा राखेको हो होइन
  - सुनुवाइ हुँदाको अवस्थासम्म थुनाको अवैधतामा निरन्तरता छ छैन

- **उत्प्रेषण**
  - कुनै पनि निकायलाई आफ्नो क्षेत्राधिकारभन्दा बाहिर जान नदिनु उद्देश्य
  - अधिकारक्षेत्रात्मक त्रुटी गरी निर्णय गरेकोमा
    - बढी अधिकारक्षेत्र ग्रहण गर्नु
    - अधिकारक्षेत्रको अभाव
    - अधिकारक्षेत्रको इन्कारी
  - अधिकारको प्रयोग कानूनसंगत ढंगमा नगरेमा
  - प्रवृत्त भावना राखी बदनियतसाथ अधिकारको प्रयोग गरेमा
  - अधिकारको प्रयोग स्वेच्छाचारी र भेदभावजनक ढंगमा भएमा
  - न्यायिक मनको प्रयोग नगरी निर्णय गरेमा
  - अर्काको निर्देशनमा निर्णय गरेमा
  - जुन कुरालाई आधारमा लिई निर्णय गर्नु पर्ने हो सो बाहेकका अरू कुरालाई नै आधारमा लिई निर्णय गरेमा
  - पश्चातदर्शी असर पर्ने गरी निर्णय गरेमा

- **प्रतिषेध**
  - उत्प्रेषणसँग समान
  - तर
    - उत्प्रेषणले विगतको कारवाहीलाई हेर्छ, प्रतिषेधले भविष्यको कारवाहीलाई हेर्छ,
    - उत्प्रेषणले क्षेत्राधिकार बाहिर गएर गरेको निर्णयलाई वदर गर्छ, प्रतिषेधले क्षेत्राधिकार बाहिर गएर निर्णय गर्न रोक्दछ,
    - उत्प्रेषण भइसकेको कामका सम्बन्धमा, प्रतिषेध काम भई नसकेको तर हुन लागेको कामका सम्बन्धमा,
  - निषेधाज्ञा व्यक्तिका विरूद्धमा पनि तर प्रतिषेध व्यक्तिका विरूद्धमा जारी हुँदैन

उच्च अदालतलाई आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनका लागि आवश्यकता अनुसार बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ ।

- **अधिकारपृच्छा**
  - शाब्दिक अर्थ
  - सार्वजनिक पदमा भएको नियुक्तिको विषयमा अयोग्यताको प्रश्न उठेमा
  - सार्वजनिक पदमा नियुक्ति गर्ने कार्यपालिकाको अधिकारका नियन्त्रणको उपाय
  - सार्वजनिक पद
    - संविधान वा कानूनले सिर्जना गरेको
    - संविधान वा कानूनद्वारा काम कर्तव्य तोकिएको
    - राज्यको सार्वभौम कार्यकारी, विधायिकी वा न्यायिक अधिकार वा त्यसको अंश प्रयोग गर्न पाउने
    - माथिल्लो अधिकारीको आदेश वा निर्देशन विना स्वतन्त्र प्रयोगको अवस्था

कुनै खास व्यक्ति वा व्यक्तिहरुको व्यक्तिगत वा सरोकारमा मात्र सीमित नभई सर्वसाधारण वा कुनै जनसमुदायको सामूहिक हक, हित वा सरोकारसँग सम्बन्धित भएको विषय वा विवाद नै सार्वजनिक हक र सरोकारको विषय हो ।

- **निषेधाज्ञा**
  - कुनै कार्य गर्नबाट निषेध गर्न
  - कुनै विषयमा अन्तिम निर्णय नहुँदासम्म यथास्थितिमा कायम राख्न
  - समन्यायको सिद्धान्तबाट प्रादुर्भाव
  - व्यक्ति र सार्वजनिक पदाधिकारी दुवैका विरूद्ध जारी हुने
  - न कसैको हक अधिकारको सिर्जना गर्छ न कसैको हक अधिकारको समाप्ति गर्छ

**निषेधाज्ञा जारी हुने अवस्था**

- हकमा आघात पार्ने आशंका भएमा
- आकृति अनुहार परिवर्तन गर्ने आशंकाको स्थिति विद्यमान भएमा
- कुनै कुरा यथास्थितिमा राखी कानूनी बाटो अनुसरण गराउनु पर्ने भएमा ।

## क्षेत्राधिकार

- जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकता अनुसार बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ (न्याय प्रशासन ऐन, २०७३ को दफा ७(२)
- उच्च अदालतलाई आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनका लागि आवश्यकता अनुसार बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार हुनेछ (न्याय प्रशासन ऐन, २०७३ को दफा ८, यस ऐनद्वारा प्रदत्त कुनै अधिकारमा कसैले आघात गर्ने शङ्का लागेमा पुनरावेदन अदालतमा उजुरी दिन सक्नेछ । उपदफा (१) बमोजिमको उजुरीमा सम्बन्धित अदालतले जाँचबुझ गरी प्रतिवादीलाई सो नगर्नु भनी निषेधाज्ञा दिन सक्नेछ (नागरिक अधिकार ऐन, २०१२ को दफा १७(१) र (२) ।
- सर्वोच्च अदालतलाई नेपाल राज्यभर रिट क्षेत्राधिकार प्राप्त छ, तर उच्च अदालत तथा जिल्ला अदालतलाई आ-आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र मात्र यो अधिकार प्राप्त छ । विषयवस्तुका हिसाबले सर्वोच्च अदालतलाई मौलिक हक र कानूनी हक दुवै प्रकारका हकका सम्बन्धमा उपचार प्रदान गर्ने क्षेत्राधिकार प्राप्त छ तर उच्च अदालत तथा जिल्ला अदालतलाई कानून प्रदत्त हकका सम्बन्धमा मात्र क्षेत्राधिकार प्राप्त छ । सर्वोच्च अदालतलाई जुनसुकै उपयुक्त आदेश जारी गर्ने अधिकार छ तर उच्च अदालत तथा जिल्ला अदालतलाई तोकिएका रिटहरूमा जारी गर्ने अधिकार छ ।.

**सर्वोच्च अदालतलाई नेपाल राज्यभर रिट क्षेत्राधिकार प्राप्त छ तर उच्च अदालत तथा जिल्ला अदालतलाई आ-आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र मात्र यो अधिकार प्राप्त छ । विषयवस्तुका हिसाबले सर्वोच्च अदालतलाई मौलिक हक र कानूनी हक दुवै प्रकारका हकका सम्बन्धमा उपचार प्रदान गर्ने क्षेत्राधिकार प्राप्त छ तर उच्च अदालत तथा जिल्ला अदालतलाई कानून प्रदत्त हकका सम्बन्धमा मात्र क्षेत्राधिकार प्राप्त छ ।**

# भाग ३

## सार्वजनिक हित र सरोकारको मुद्दा (PIL)

### संक्षिप्त परिचय

सर्वसाधारण जनतासँग प्रत्यक्ष रूपमा सम्बन्धित जनस्वास्थ्य, वातावरण, शिक्षा, मानव अधिकार, विकास निर्माण, बाल अधिकार, महिला अधिकार, पिछडिएको वर्ग र समूदायको अधिकार लगायत सामाजिक चासो र सरोकारको विषयहरुमा जुनसुकै नेपाली नागरिकले पनि सार्वजनिक सरोकारको विषय देखाई याचिका दायर गर्न सक्दछ ।

कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत वा सरोकारमा मात्र सीमित नभई सर्वसाधारण वा कुनै जनसमुदायको सामूहिक हक, हित वा सरोकारसँग सम्बन्धित भएको विषय वा विवाद नै सार्वजनिक हक र सरोकारको विषय हो । सार्वजनिक हकको प्रचलनको लागि जुनसुकै नागरिकले पनि सवै प्रकारका रिट निवेदन दायर गर्न पाउँछ । त्यस्तो विवाद, कानून र संविधानमा आधारित हुनु पर्दछ र अदालतबाट निरूपण हुने प्रकृतिको हुनु पर्दछ ।

देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य, नैतिकता, देशको आर्थिक अवस्था, सामाजिक न्यायका कुरा इत्यादि विषयवस्तु सार्वजनिक हक र सरोकारको विषयभित्र पर्दछन् । (अधिवक्ता राधेश्याम अधिकारी वि. मन्त्रीपरिषद सचिवालय समेत ने. का. प. २०४८ अंक १२ नि.नं. ४४३० पृ. ८१०), [Janta Dal vs.H.S. Chowdhary AIR 1993 SC 892, M.C.Mehta vs. Union of India AIR 1987 SC 463]

सर्वसाधारण जनतासँग प्रत्यक्ष रूपमा सम्बन्धित जनस्वास्थ्य, वातावरण, शिक्षा, मानव अधिकार, विकास निर्माण, बाल अधिकार, महिला अधिकार, पिछडिएको वर्ग र समूदायको अधिकार लगायत सामाजिक चासो र सरोकारको विषयहरूमा जुनसुकै नेपाली नागरिकले पनि सार्वजनिक सरोकारको विषय देखाई याचिका दायर गर्न सक्दछ ।

### नेपालमा रिट र सार्वजनिक सरोकारको विषयमा कानूनी उपचारको शुरुवात

Roman कानूनको action popularis बाट Public Interest Litigation or Social Action Litigation or Social Interest Litigation को

शुरूवात रोमन हुँदै अमेरिका, बेलायत र भारतमा प्रवेश गरेको हो । यसको सम्बन्ध सर्वजनहिताय [pro bono public] संग सम्बन्धित रहेको पाईन्छ ।

नेपालमा रिटद्वारा नागरिक अधिकारको संरक्षणको व्यवस्था सर्वप्रथमतः प्रधान न्यायालय ऐन २००८ को दफा ३० मा गरिएको थियो । यसपछि जारी भएको नागरिक अधिकार ऐन २०१२, सर्वोच्च अदालत ऐन २०१३, नेपाल अधिराज्यको संविधान २०१५ र तत्पश्चात्का संविधान तथा कानूनहरूमा क्रमशः रिटहरु र नागरिक अधिकारको व्यवस्था हुँदै गयो भने अहिले नेपालको संविधान २०७२ को धारा १३३(२), १४४(१) मा सर्वोच्च अदालतलाई र उच्च अदालतलाई सार्वजनिक हक वा सरोकारको कुनै विवादमा पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न उपयुक्त आदेश जारी गर्न सक्ने अधिकारक्षेत्र प्रदान गरिएको पाईन्छ ।

सर्वोच्च अदालत बाहेकका उच्च अदालत तथा जिल्ला अदालतहरूले समेत नेपालको संविधान २०७२, न्याय प्रशासन ऐन २०७३, नागरिक अधिकार ऐन २०१२, मुलुकी ऐन अ.वं.१० नं., जिल्ला तथा उच्च अदालत नियमावली र अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धि, प्रोटोकल समेतलाई आधार मानी सार्वजनिक सरोकारको विषयमा न्याय निरोपण गर्ने गरेको पाईन्छ ।

मुलुकी ऐनमा भएको नवौं संशोधन (२०४३।७।२४) मा अ.वं.१० नं. मा मुद्दाको विषय वा प्रकृतिबाट नेपाल सरकारको वा सार्वजनिक हित वा सरोकार नीहित रहेको मुद्दा [PIL] नेपाल सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भई चलाउन सक्ने छ भन्ने कानूनी व्यवस्था राखिएपछि उच्च तथा जिल्ला अदालतहरूले सार्वजनिक सरोकार नीहित रहेका मुद्दाहरूमा समेत न्याय सम्पादन गर्ने गरेको देखिन्छ । हाल जिल्ला तथा उच्च अदालतले मुद्दा र रिटको रोहबाट सार्वजनिक सरोकारको विवादमा न्याय निरोपण गर्ने गरेको छ ।

सार्वजनिक सरोकारको मुद्दा अदालतबाहेक सरोकारवाला सार्वजनिक निकायमा उजुरी तथा निवेदन दिएर पनि प्रकृया अगाडी बढाउन सकिने जस्तै जिल्ला प्रशासन कार्यालयमा वातारवण तथा ध्वनी प्रदुषणको रोकथामको लागि आवश्यक पहल र प्रयास गरि पाउँ भनि उजुरी तथा निवेदन दर्ता गराउन सकिने ।

**सार्वजनिक सरोकारको मुद्दा अदालत बाहेक सरोकारवाला सार्वजनिक निकायमा उजुरी तथा निबेदन दिएर पनि प्रकृया अगाडी बढाउन सकिने जस्तै जिल्ला प्रशासन कार्यालयमा वातारवण तथा ध्वनी प्रदुषणको रोकथामको लागि आवश्यक पहल र प्रयास गरि पाउ भनि उजुरी तथा निबेदन दर्ता गराउन सकिने ।**

# भाग ४

## सूचनाको हक

### संक्षिप्त परिचय

"सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ ।

"सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ ।

तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले कारण सहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ, सूचना अधिकारीले कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

### "सूचनाको हक" भित्र के के पर्छ ?

- सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने,
- त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने,
- सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने,
- कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्तगर्ने अधिकार समेतलाई जनाउँछ ।

### सूचना प्राप्त गर्ने तरिका

- सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनु पर्नेछ,

- निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सूचना उपलब्ध गराउनु पर्नेछ,
- तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले कारण सहितको जानकारी तुरून्त निवेदकलाई गराउनु पर्नेछ, सूचना अधिकारीले कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।
- सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनु पर्नेछ, निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सूचना उपलब्ध गराउनु पर्नेछ । तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले कारण सहितको जानकारी तुरून्त निवेदकलाई गराउनु पर्नेछ ।

सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनु पर्नेछ, निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सूचना उपलब्ध गराउनु पर्नेछ ।

## सूचनाको हक, सार्वजनिक हित र सरोकारको मुद्दा बीचको सम्बन्ध

- सार्वजनिक सरोकारको मुद्दाको प्रारम्भीक प्रकृया सूचनाको हक प्राप्त गर्नु पनि हो ।
- सूचनाको हकले सार्वजनिक सरोकारको बिषयलाई कार्यान्वयन गर्न वकालत पनि गर्दछ ।
- सूचनाको हक प्राप्त गर्ने प्रकृयाबाट सार्वजनिक सरोकारको मुद्दाको लागि चाहिने प्रमाण जुटाउने काम पनि गर्दछ ।
- सूचनाको हकको प्रयोग सार्वजनिक सरोकारको मुद्दाको बैकल्पिक उपचार पनि हो ।

## सार्वजनिक सरोकारको मुद्दा र संचार क्षेत्रको सम्बन्ध

- मिडिया तथा संचार माध्यमबाट सार्वजनिक भएका बिषयबस्तुलाई सार्वजनिक सरोकारको बिषय बनाउन सकिने र सो सम्बन्धमा सोको प्रमाण स्वरूप सम्बन्धीत निकायमा पेश गर्न सकिने ।
- सार्वजनिक सरोकारको मुद्दा संचारमा प्रकासित र प्रशारित भएमा सर्वसाधारण सू-सुचित हुने तथा जवाफदेही निकायहरु जिम्मेवार बन्ने ।
- सार्वजनिक सरोकारको बिषयमा भएको आदेश तथा फैसला कार्यान्वयनमा सहयोगी हुने ।
- सार्वजनिक सरोकारको बिषय संचार र मिडियामा आएमा नागरिक समाजको सहयोग र समर्थन प्राप्त हुने ।
- नागरिक जागरूकतामा बृद्धि हुने ।
- सार्वजनिक सरोकारको बिषय अभिलेखिकरणमा सहयोग हुने ।

**मिडिया तथा संचार माध्यमबाट सार्वजनिक भएका बिषयबस्तुलाई सार्वजनिक सरोकारको बिषय बनाउन सकिने र सो सम्बन्धमा सोको प्रमाण स्वरूप सम्बन्धीत निकायमा पेश गर्न सकिने ।**

## सार्वजनिक सरोकारको विषयमा सम्वाद र सहकार्य गर्नु पर्ने निकाय र क्षेत्र

- सार्वजनिक सरोकारको बिषयलाई साझा बिषय बनाई प्रभावकारी कार्यान्वयन गर्नका लागि देहायको सरोकारवाला निकाय, नागरिक समाजसँग नियमित सम्वाद र सहकार्य गर्दा प्रभावकारी हुन्छ ।
- स्थानिय निकाय
- स्थानिय प्रशासन
- सेवा प्रदायक सार्वजनिक निकायहरु
- बार एशोसिएशन
- सामाजिक सघ संस्था
- संचार तथा मिडिया क्षेत्र
- नागरिक समाज

# भाग ५

# सार्वजनिक सरोकारको मुद्दा उठान गर्दा ध्यान दिनु पर्ने कुराहरू

## सार्वजनिक सरोकारको मुद्दा उठान गर्दा ध्यान दिनु पर्ने कुराहरू

- विषयको अध्ययन
- सान्दर्भिक कानुन तथा नजिरको अध्ययन
- बैकल्पिक उपचारको बाटो छ छैन हेर्ने
- बैकल्पिक उपचारको बाटो अवलम्बन गर्ने
- आदेश फैसला कार्यान्वयन हुन सक्ने अवस्था छ छैन अध्ययन गर्ने
- सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पर्ने प्रभाव र उपलब्धी

## सार्वजनिक सरोकारको मुद्दाको चरणहरू :

- सार्वजनिक सरोकारको क्षेत्र पहिचान
- सुचना तथा प्रमाण संकलन
- बैकल्पिक उपचारको प्रयोग
- सार्वजनिक सरोकारको मुद्दाको तयारी तथा दर्ता
- बहस पैरवी

## चुनौती

- सार्वजनिक निकायहरूबाट सरल, सहज र सुलभ तरिकाले सूचना उपलब्ध नगराउने ।
- सूचना संकलन गर्न कठिनाई
- निबेदक तथा पैरवी गर्ने कानुन व्यवसायीलाई सुरक्षा चुनौती
- फैसला तथा आदेश कार्यान्वयन गर्ने निकाय नहुनु
- सस्तो लोकप्रियताको आरोप
- दण्डहिनता
- राजनैतिक हस्तक्षेप
- सरोकारवाला निकायहरूको दायित्व निर्वाह गर्ने कुरामा ईच्छाशक्तीको अभाव

# भाग ६

## ICESCR अन्तर्गत राज्यको दायित्व



# अनुसूचीहरू

## अनुसूची १: रिट निवेदनको नमूना

श्री पुनरावेदन अदालत नेपालगंजमा पेश गरेका

### निवेदन पत्र

**विषय : अन्तरिम आदेश सहित निषेधाज्ञा र परमादेशको आदेश जारी गरी पाऔं ।**

भिख्खु थारूको छोरा जिल्ला बर्दिया मैनापोखर गा.वि.स.वा.नं.३ वस्ने वर्ष ३८ को अधिवक्ता ठाकुर सिंह थारू (मो.नं.९८४८०७३९७४ )..........१
महिला कानुन र बिकास मन्च (FWLD) को तर्फबाट तथा आफनो हकमा समेत जिल्ला बाँके नेपालगँज उपमहानगरपालिका वडा नं. १६ बस्ने अधिवक्ता सुनिल श्रेष्ठ मोबाइल नं. ९८४८०१०१००..........१
मानव अधिकार तथा सूचना अनुसन्धान केन्द्र (IHRC) बाँकेको अध्यक्ष ऐ. वा. नं. ८ वस्ने अधिवक्ता बिश्वजित तिवारी मोबाईल नं. ९८५८०२५७४२..........२ निवेदक
जिल्ला बाँके नेपालगँज उपमहाननगरपालिका वडा नं.१६ बस्ने प्र.प.सं.६३३४ को अधिवक्ता लोक बहादुर शाह मो.न.९८५८०२३७१९)..........३
ऐ.ऐ..वडा नं.२४ बस्ने प्र.प.सं. १२१०९ को अधिवक्ता बल बहादुर चन्द ..........४

**विरूद्ध**

जिल्ला प्रशासन कार्यालय बर्दिया..........१
ऐ. कार्यालयका प्रमुख जिल्ला अधिकारी..........२
जिल्ला विकास समितिको कार्यालय बर्दिया..........३
ऐ.ऐ.कार्यालयका स्थानीय विकास अधिकारी..........४
सोरहवा गा.वि.स.को कार्यालय बर्दिया..........५ विपक्षी
ऐ.ऐ.कार्यालयमा कार्यरत गा.वि.स.सचिव..........६
मैनापोखर गा.वि.स.को कार्यालय..........७
ऐ.कार्यालयका गा.वि.स.सचिव..........८
बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव मूल आयोजक समिति, बढैयाताल बर्दिया..........९
बलराम भुसालको छोरा जिल्ला बर्दिया सोरहवा गा.वि.स. वा. नं. २ वस्ने अं. वर्ष ६५ को ठे. छायादत्त भुषाल..........१०

**मुद्दा : निषेधाज्ञा र परमादेश ।**

हामी निवेदकको देहाय बमोजिमको निवेदन जिकिर रहेको छ ।

**१) हकदैया सम्वन्धी व्यहोरा :**

क) हामी निवेदकहरु नेपाली नागरिक भई बर्दिया तथा बाँके जिल्लामा बसोबास गरी आईरहेका र पत्रकारिता तथा कानून व्यवसायमा समेत संलग्न कानून व्यवसायी [Legal Practitioner] समेत हौं । हामीहरु विभिन्न व्यवसायिक, सामाजिक तथा मानव अधिकारवादी संघसंस्थाहरुमा आवद्ध रही सार्वजनिक सरोकारका विषयमा समेत वकालत गर्दै आइरहेका छौं ।

ख) विपक्षी सरकारी निकाय तथा पदाधिकारीले आफ्नो पदीय दायित्व निर्वाह नगरे नगराएका कारण बढैयाताल क्षेत्रमा बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव को आयोजना गरी बढैयातालको धार्मिक, सांस्कृतिक, पर्यटकीय र जैविक दृष्टिकोणबाट नै क्षेति पुर्‍याउने कार्य भईरहेको हुँदा सो सार्वजनिक तथा ऐतिहासिक क्षेत्रको संरक्षण एवं सम्वर्द्धनमा हामी निवेदक लगायत सवै नागरिकको सार्थक सम्वन्ध [Meaningful Relation]ले रहेकोले सो विषय सामूहिक हक हित र सरोकारको विषय [Public Interest Litigation[PIL] भएको हुँदा विपक्षीहरुका उपर अन्तरिम आदेश सहित निषेधाज्ञा र परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं भन्ने मुद्दा दायर गरी मुद्दाको पूर्पक्ष गर्नको लागि मुलुकी ऐन अ.वं.१०, ८२ नं. बमोजिम हामी निवेदकहरुको हकदैया पुग्दछ ।

**२) बढैया तालको संक्षिप्त तथ्य र अवस्था :**

क) बर्दिया जिल्लाको सोरहवा गा.वि.स र मैनापोखर गा.वि.स.अर्न्तगत प्राचिन बढैया ताल रहेको छ । यस तालको क्षेत्रफल करिव १ सय ९ विगाहा ४ कठ्ठा साडे सत्र धुर अर्थात ७३ हेक्टर रहेको छ । बढैयाताल मध्यपश्चिमाञ्चल क्षेत्रकै ठूलो प्राकृतिक ताल हो । उक्त ताल पुर्खौदेखि थारू समुदायको धार्मिक आस्थाको धरोहरको रूपमा समेत रहेको छ । बढैया ताल सिमसार ्ध्मतबिलमके क्षेत्र समेत हो । यस तालमा रैथाने, साईबेरिया, भारत लगायतका देशबाट हजारौ चराचुरङ्गीहरु मौसमी रूपमा आउने गरेका छन् । यस सिमसारको रौनकता चराले बढाएको छ । त्यसैगरी यस तालमा सय भन्दाबढी प्रजातीका माछा तथा अन्य जीव पनि पाईन्छन् । समग्रमा बढैयाताल ऐतिहासिक, धार्मिक, प्राकृतिक, सास्कृतिक, पर्यटकीय र जैविक विविधता [Biodiversity] को दृष्टिकोणले समेत महत्वपूर्ण क्षेत्र हो र वातावरणीय दृष्टिकोणले समेत यो संरक्षित क्षेत्र हो ।

ख) बढैया तालको आसपासमा थारू समूदायको वस्ती रहेको छ । तालमा बढैया भवानी (थारू समुदायको कुल देउता), लग्वालगनीया (शिवपार्वती) को बासस्थान रहेको

भन्ने प्राचिन र धार्मिक मान्यता छ । त्यसैले यहाँका स्थानीयहरूले तालमा पस्नुअघि पूजा गर्ने परम्परा छ । तालभित्र सिनो फाल्न पाईदैन । तालमा फोहर गर्न र फाल्नसमेत पाईदैन । महिनावारी भएका बेला महिलाहरु तालमा पस्दैनन् । तालभित्र कपडा धुन, भाडा माझ्न नपाउने परमपरा छ । मलामी गएका बेला उक्त तालमा नुहाउनसमेत निषेध गरिएको छ । उक्त काललाई सबैले पूजा गर्दै आएका छन् । उक्त ताल पुर्खौदेखि थारू समुदायको धार्मिक आस्थाको धरोहरको रूपमा रहेको छ । उक्त सिमसारसंग आसपास रहेका आदीबासीको जनजीवन जोडिएको छ । यस भन्दा पहिले वि.सं.२०६९ सालमा बढैया तालको प्रचार प्रसारको लागि तालको एरिया भन्दा बाहिर बढैयाताल माघी तथा कृषि महोत्सव आयोजना गरिएको थियो । बढैया ताल परिसर भित्र धार्मिक पूजाअर्चना बाहेक अन्य कुनै पनि व्यापारिक, कृषि एवं औधोगिक मेला आज सम्म लागेको अवस्था समेत छैन ।

ग) उक्त काललाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रूपमा धार्मिक, सास्कृतिक र पर्यटकीय क्षेत्रको रूपमा विस्तार गर्ने विभिन्न प्रयासहरु भईरहेका छन् । आन्तरिक तथा बाहृय पर्यटकीय स्थलको लागि बढैयाताल उदाहरणीय क्षेत्र बन्न सक्ने विविध आधारहरु छन् । आदिबासीको बस्ती, कला र संस्कृतिले यो सिमसार घेरिएको छ । सम्वन्धित निकाय र व्यक्तिले यस क्षेत्रको प्रचार- प्रसार र संरक्षण एवं सम्वर्द्धन गरे गराएका खण्डमा सम्वन्धित गाउ, गा.वि.स., जिल्ला, क्षेत्र र समग्र राष्ट्रको नै आर्थिक उन्नति र प्रगति हुन सक्छ ।

घ) आफ्नो जिल्ला तथा गा.वि.स.भित्र रहेको उल्लेखित बढैयातालको संरक्षण एव सम्वर्द्धन र विकास गर्नु गराउनु पर्ने दायित्व विपक्षी सरकारी निकाय तथा पदाधिकारीको भएकोमा सो कार्यका लागि विपक्षी निकाय तथा पदाधिकारीहरु बाट हाल सम्म कुनै पनि उल्लेखनीय कार्य भएको छैन । बढैयातालको जग्गा, बढैया तालमा रहेका धार्मिक तथा सास्कृतिक स्थल, बढैया तालमा रहेका माछा तथा जीवजन्तु, बढैया तालमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय चरा चुरङ्गीहरूको नियमित रूपमा रेखदेख र संरक्षणको कुनै पनि व्यवस्था गरिएको छैन ।

ङ.) नियमित रूपमा संरक्षण एवं सम्वर्द्धनको उचित व्यवस्था नभएका कारण बढैया तालको प्राकृतिक सौन्दर्यता घट्दो क्रममा छ । रूख, विरूवा तथा फूलहरु सुख्ने क्रम जारी छ । बढैयातालको क्षेत्र विभिन्न ठाउबाट अतिक्रमण भईरहेको छ । त्यस क्षेत्रको वातावरण प्रदूषित भएका कारण मौसमी रूपमा आउने चराचुरङ्गीमा समेत कमी भईरहेको छ । प्राकृतिक काललाई माछा पालन र विक्रीको नीजि एवं व्यवसायिक ताल बनाईएको छ ।

च) विपक्षी जिल्ला विकास समितिको कार्यालय बर्दियाले बढैया तालमा माछा पाली मार्न र बेचविखन गर्न समेत पाउने गरी २०७० साल बैशाख देखि २०७४ साल चैत्र मसान्त सम्मको लागि विपक्षी छायादत्त भुसाललाई मिति २०६९/११/९ मा रू.१,०८,००,०१७।-ठेक्कामा दिएको छ । प्राकृतिक र जैविकताललाई व्यक्तिगत माछापालनको रूपमा प्रयोग गर्ने गरिएका कारण एकातर्फ प्राकृतिक तथा जैविक विविधतामा ह्रास आईरहेको छ भने त्यहाँ रहेका प्राकृतिक माछा तथा जीवहरु विस्थापित हुने र नष्ट हुने क्रम जारी छ । ठेक्कामा नै दिन नमिल्ने बढैयाताललाई ठेक्कामा दिईएको र सो ठेक्का बाट आउने रकम समेत सो तालको संरक्षण एवं विकासमा नलगाउने गरिएका कारण विपक्षीहरु सो प्राकृतिक एवं धार्मिक बढैया ताल प्रति सम्वेदनशील नभएको प्रष्ट हुन्छ । बढैया तालका माछा व्यापारले गर्दा बढैया तालको भन्दा माछाको स्वादको प्रचार प्रसार व्यापक मात्रामा भईरहेको छ ।

३) **बढैया ताल परिसरमा बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सवको तयारीको अवस्था :**

क) बढैया तालको प्रचारप्रसार गर्ने नाममा केही स्थानीय व्यक्तिहरुको समूहले बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव मूल आयोजक समिति गठन गरी बढैया ताल परिसरमा यही २०७१ साल पौष २५ गते देखि माघ १ गते सम्म महोत्सवको आयोजना गर्ने गराउने निर्णय गरी ब्रोसर, पत्र-पत्रिका तथा संचार माध्ययम बाट प्रचार प्रसार गर्ने कार्य भईरहेको छ । महोत्सव स्थल बढैया ताल परिसरमा १५० वटा स्टल राखि व्यापार व्यवसाय समेत संचालन गरिने कुरा पनि सार्वजनिक गरिएको छ ।

ख) बढैयाताल परिसरमा महोत्सव आयोजना गर्नका लागि तालको पूर्ब तर्फको केही भागको पानी सुकाई, त्यहाँ रहेको बाँध भत्काएर महोत्सवस्थलमा आउन जानको लागि सडक बाटो निर्माण गर्ने गराउने कार्य भईरहेको छ । महोत्सव स्थलमा व्यापार प्रयोजनार्थ स्टल राख्ने तयारी समेत भईरहेको छ ।

ग) कुनै पनि महोत्सव आयोजना गर्नको लागि स्थानीय प्रशासन, जि.वि.स., गा.वि.स.लगायत सम्वन्धित निकाय बाट महोत्सव आयोजना गरिने स्थल, उद्देश्य र विषय उल्लेख गरी पूर्व स्वीकृति र अनुमति लिनुपर्ने हुन्छ । बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव बढैया ताल परिसरमा आयोजना गर्नको लागि कोही कसैले स्वीकृति वा अनुमति लिए नलिएको सम्वन्धमा विपक्षी निकायहरु संग सोधपुछ गर्दा बढैया ताल परिसरमा उक्त महोत्सव गर्न पाउने गरी आफूहरुले स्वीकृति एवं अनुमति नदिएको भनी मौखिक जानकारी गराउने गरेका छन् ।

घ) बढैया ताल परिसरमा महोत्सव आयोजना गर्ने तयारी भईरहेको र सो कार्य नरोकिने हो भने ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं वातावरणीय दृष्टिकोणबाट समेत नकारात्मक असर पर्न जाने भएकोले सो महोत्सव तयारी कार्य रोक्नुहोस रोकाउनहोस् भनी सवै विपक्षीहरूलाई पटक पटक विनम्रतापूवक अनुरोध गर्दा महोत्सवको तयारी प्रकृया अगाडि बढी सकेकोले महोत्सव आयोजना रोक्न मिल्दैन र रोक्दैनौ भनी ठाडो जवाफ दिने गर्नु भएको छ ।

ङ) बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव आयोजक समितिले गैरकानूनी रूपमा बढैयाताल परिसरमा महोत्सवको आयोजना गरी गराई रहेका र सो कार्यबाट धार्मिक, सास्कृतिक तथा वातावरणीय दृष्टिकोणबाट प्रतिकूल असर पर्ने भएकोले सो कार्य रोकी सार्वजनिक सम्पति र सम्पदाको संरक्षण गरी गराई पाउ भनी निवेदक मध्येको म ठाकुर सिंह थारू समेत ८० जना स्थानीय नागरिकले मिति २०७१/९/१३ मा द.नं.१८५१ बाट विपक्षी जिल्ला प्रशासन कार्यालय बर्दिया र जि.वि.स.कार्यालय बर्दियामा निवेदन दिएका थियौं । विपक्षी जिल्ला प्रशासन कार्यालय बर्दियाले बढैया ताल परिसर भित्र महोत्सव आयोजना नगर्नु भनी महोत्सव आयोजक समिति र गा.वि.स.समेतलाई पत्राचार गरेकोमा हामीले महोत्सवको सर्म्पूण तयारी भईसकेकोले कुनै पनि हालतमा महोत्सव नरोकिने र बढैया ताल परिसर भित्रै महोत्सव सपन्न गर्ने भन्ने जानकारी विपक्षी महोत्सव आयोजक मूल समितिले गराउने गरेका छन् र सो को तयारी समेत तिव्र रूपमा भईरहेको छ ।

च) हामी निवेदक महोत्सव विरोधी होईनौं, विभिन्न महोत्सवको आयोजना गरी आफ्नो गाउठाउ, क्षेत्र, जिल्ला र समग्र देशकै प्रचार र विकास गर्नु पर्दछ भन्ने हाम्रो समेत मान्यता रही आएको छ । बढैया तालको परिसर भन्दा बाहिर महोत्सव संचालन गर्नु गराउनुहोस भन्दा विपक्षीहरूले हाम्रो कुराको कुनै पनि सुनुवाई गनु भएको छैन । यसरी जिल्ला प्रशासन कार्यालय बर्दियाको पत्रानुसार महोत्सव आयोजक समितिले बढैया ताल परिसर भित्रै महोत्सव आयोजना गर्ने भनी जानकारी गराएकाले यस कार्यलाई रोक्नु रोकाउनु पर्दछ, यस बाट ठूलो क्षेति हुन सक्छ भनी पुनः विपक्षी कार्यालयहरु समक्ष अनुरोध गर्दा स्थानीय नागरिकको पहलमा सो महोत्सव आयोजना हुन लागेकोले हामीले जर्वजस्ती गरी सो महोत्सव आयोजना रोक्न, रोकाउन सक्दैनौ भनी आफ्नो पदीय र कानूनी दायित्व निर्वाह गर्नबाट इन्कार गर्नु भएकोले सार्वजनिक, सास्कृतिक र प्राकृतिक सम्पतिको संरक्षण गर्नका लागि सार्वजनिक सरोकारको विषयमा प्रस्तुत निवेदन दिन आएका छौं ।

**४) बढैयाताल परिसरमा बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव आयोजना भएमा खण्डमा धार्मिक, सास्कृतिक, पर्यटकीय र वातावरणीय दृष्टिकोणबाट पर्न जाने असरहरूः**

क) थारू समुदायको पूर्ख्यौं देखिको धार्मिक आस्था र विश्वासमा चोट पुग्न जाने भई धार्मिक परम्परा समेत खल्वलिन सक्छ ।

ख) महोत्सवका क्रममा हुने धुलो, धुवा, ध्वनी प्रदुषण आदिका कारण त्यहाँको प्राकृतिक वातावरण प्रदूषित हुन सक्छ ।

ग) महोत्सवका क्रममा हुने धुलो, धुवा, ध्वनी र फोहरमैलाका कारण राष्ट्रिय तथा अर्न्तराष्ट्रिय चराचुङ्गीहरु, जीवहरु समेत विस्थापित हुन सक्नेछन् । तालमा रहेका माछा तथा जीवजन्तुहरु मर्ने तथा विरामी हुनसक्नेछन् ।

घ) महोत्सवका क्रममा प्रयोग हुने प्लास्टिकजन्य फोहरले ताल पुरिने, काँच, शीशा लगायतका नष्ट नहुने पदार्थ थुप्रीने आदिका कारण बढैया ताल जस्तो धार्मिक, सास्कृतिक तथा पर्यटकीय ताल प्रदुषित हुन सक्छ ।

ङ.) बढैया तालको पानी नै प्रदुषित हुनजाने भई मानव स्वास्थ्य तथा जैविक विविधता (विश्व प्रख्यात जीवजन्तु, चराचुरंङ्गी, माछा र वनस्पति) समेतमा प्रतिकूल असर पर्न सक्छ ।

च) बढैया तालको प्राकृतिक, सास्कृतिक, धार्मिक अस्तित्व नै ओभ्फेलमा पर्न सक्छ ।

छ) सार्वजनिक सम्पतिको अतिक्रमण भई दुरूपयोग समेत हुन सक्छ ।

**५) वातावरण, सार्वजनिक सम्पति, धर्म संस्कृति, जैविक विविधता, सिमसार क्षेत्र, पर्यटकीय स्थल संरक्षण सम्वन्धी बैधानिक व्यवस्थाहरू :**

क) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक लाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १६(१) मा मौलिक हकको रूपमा स्वीकार गरिएको छ । त्यसै गरी संविधानको धारा १७(३) प्रत्येक समूदायलाई आफ्नो भाषा, लिपि, सस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने हक हुने, धारा २३ मा प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मयार्दा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने हक हुने, प्रत्येक धार्मिक सम्प्रदायलाई आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सन्चालन र संरक्षण गर्ने हक हुने छ भन्ने संवैधानिक व्यवस्था गरेको छ ।

ख) नागरिक अधिकार ऐन २०१२ को दफा ३ मा कानूनको दृष्टिमा समानता र दफा ७ मा धर्म सम्वन्धी हकको कानूनी व्यवस्था गरी प्रत्येक नागरिकको धर्म, संस्कृति सम्वन्धी हकलाई सुरक्षित गरेको छ ।

ग) सार्वजनिक स्थान र सरकारी जग्गा कसैले विराउन वा विराउन लाउन हुदैन भनी मुलुकी ऐन जग्गा आवाद गर्नेको ४ नं.मा स्पष्ट कानूनी व्यवस्था रहेको छ ।

घ) कसैले पनि वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी वा जन-जीवन र जन-स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरित कुनै यान्त्रिक साधन, औधोगिक प्रतिष्ठान वा अन्य ठाँउबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निश्काशन गर्न गराउन हुदैन भनी वातावरण संरक्षण ऐन २०५३ को दफा ७(१) मा कानूनी व्यवस्था गरी स्वच्छ र स्वस्थ वातावरण सम्वन्धी अधिकारलाई संरक्षित गरेको छ ।

ङ.) आफ्नो जिल्ला भित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने कर्तव्य र अधिकार प्रमुख जिल्ला अधिकारीको हुने भनी स्थानीय प्रशासन ऐन २०२८ को दफा ९(६) र ९(६क) मा स्पष्ट कानूनी व्यवस्था रहेको छ ।

च) स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २८(१)(ज)(२) मा गाउँ विकास क्षेत्रका बन, बनस्पति, जैविक विविधता, भू-संरक्षण र वातावरण संरक्षणका विषयमा कार्यक्रम संचालन गर्ने, सपठित ऐनको दफा २८(१)(झ) मा गाउँ विकास क्षेत्रभित्रका धर्मस्थल, धर्मशाला, पाटी पौवा आदिको लगत राखी रेखदेख र संरक्षण गर्ने गराउने, धर्म संस्कृतिको संरक्षण गर्ने गराउने, दफा २८(१)(ञ) मा प्राकृतिक, सास्कृतिक, ऐतिहासिक, पर्यटकीय सम्पदाको संरक्षण, सम्वर्द्धन र विस्तार गर्ने भनी गा.वि.स.को काम, कर्तव्य र अधिकार निश्चित गरिदिएको छ ।

छ) स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १८९(१)(छ) मा जिल्ला विकास क्षेत्रका बन, बनस्पति, जैविक विविधता, भू-संरक्षण र वातावरण संरक्षणका विषयमा योजना तयार गरी कार्यान्वयन गर्ने सपठित ऐन को दफा १८९(१)(ठ) मा जिल्ला विकास क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्वका स्थानको अभिलेख राख्ने, भाषा, धर्म संस्कृति, पुरातात्विक वस्तुको संरक्षण गर्ने गराउने, दफा १८९(१)(ण) मा प्राकृतिक, सास्कृतिक, ऐतिहासिक, पर्यटकीय सम्पदाको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गर्ने गराउने भनी जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार निश्चित गरिदिएको छ ।

ज) वातावरणलाई प्रत्येक राष्ट्रको प्राथमिक विषय ठानी तत्सम्वन्धी कार्ययोजना लागू गर्नुपर्ने भनी संयुक्त राष्ट्रसंघीय मानव वातावरण सम्वन्धी घोषणापत्र [United Nations Conference on Human Environment - Stockholm Declaration-1972] जारी भएको छ ।

झ) मौसम अनुसार बसाई सर्ने जलचर पन्छीहरूको वासस्थान संरक्षण गर्ने, सिमसार [Wetlands] क्षेत्रको क्षति घटाउने र संरक्षण सुनिश्चित गर्ने उद्देश्यले अर्न्तराष्ट्रिय

महत्वको सिमसार सम्वन्धी रामसार महासन्धी [Ramsar Convention on Wetlands of International Importance-1971 ] जारी भई १९ अप्रिल १९८८ मा नेपाल समेत सदस्य राष्ट्र भैसकेको अवस्था छ ।

ञ) जैविक विविधताको संरक्षण गर्ने, जैविक सम्पदाको उपयोग र उपभोग गर्दा सम्पदाको ह्रास नहुने गरी निरन्तर उपभोग गर्ने, जैविक बंशानुक्रित उपयोगबाट प्राप्त हुने फाईदा समानुपातिक तरीकाले वितरण गर्ने व्यवस्था मिलाउने मूलभुत उद्देश्यले जारी भएको जैविक विविधता सहासन्धी [ Convention on Biodiversity-1992 ] लाई नेपालले समेत सोही समयमा अनुमोदन गरी सकेको छ ।

ट) प्रत्येक राष्ट्रमा रहेका प्राकृतिक एवं सास्कृतिक सम्पदाको पहिचान गरी संरक्षण गर्ने उद्देश्यले विश्व सम्पदा महासन्धी [ Convention Concerning the Protection of The World Cultural and Natural Heritage-1972] सम्पन्न भई सन् १९७८ मा नेपाल पक्ष राष्ट्र बनी सकेको छ ।

ठ) प्रत्येक नागरिकको आर्थिक, सामाजिकर सांस्कृतिक अधिकारको उपभोगलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अर्न्तराष्ट्रि प्रतिज्ञापत्र, १९६६ को धारा ३ ले ज्ञारेण्टी गरेको छ ।

ड) नेपाल सन्धी ऐन २०४७ को दफा ९ मा नेपाल द्धारा स्वीकृत तथा अनुमोदित अर्न्तराष्ट्रिय सन्धी तथा घोषणाहरु नेपाल कानून सरह लागू हुने कानूनी व्यवस्था रहेको छ ।

**सान्दर्भिक नजिर सिद्धान्त :**

१. ने.का.प.२०५६ अंक ९ नि.नं.६७८१ पृ.७०० प्रकाशमणी शर्मा समेत वि.मन्त्रीपरिषद सचिवालय समेत मुद्दाः उत्प्रेषण परमादेश ।

२. ने.का.प.२०६३ अंक ९ नि.नं.७७५९ पृ.११६१ प्रकाशमणी शर्मा वि.स्थानीय विकास मन्त्रालय समेत मुद्दाः उत्प्रेषण परमादेश ।

## ६) कानूनी उपचार र मागदावी

यि विपक्षीहरुका नाउमा न्याय प्रशासन ऐन २०४८ को दफा ८ (२), नागरिक अधिकार ऐन २०१२ को दफा १७ र पुनरावेदन अदालत नियमावली २०४८ को नियम ३३, ३३क बमोजिम देहाय बमोजिमको अन्तरिम आदेश सहित निषेधाज्ञा र परमादेशको आदेश लगायत आवश्यक र उपयुक्त आदेश जारी गरी बढैया ताल जस्तो ऐतिहासिक, धार्मिक, सास्कृतिक, पर्यटकीय क्षेत्रको संरक्षण र प्रचलन गरी गराई पाऔं ।

क) विपक्षी बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव मूल आयोजक समिति, बढैयाताल बर्दियाले बढैयाताल परिसर भित्र मिति २०७१/९/२५ गते देखि माघ १

गते सम्म आयोजना गर्ने भनिएको बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सवको आयोजना बढैया ताल परिसर भित्र नगर्नु नगराउनु, गर्न नदिनु भनी यि विपक्षीहरूका नाउँमा अन्तरिम आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

ख) बढैया तालको प्राकृतिक, धार्मिक, सास्कृतिक र जैविक विविधता र वातावरणमा प्रतिकूल असर पार्ने कुनै पनि कार्य नगर्नु नगराउनु, गर्न नदिनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

ग) बढैया ताल क्षेत्रको जग्गाको अभिलेख राखी सो जग्गाको नियमित संरक्षण सर्म्वद्धन गर्नु गराउनु, बढैया तालको प्राकृतिक, धार्मिक, सांस्कृतिक, वातावरणीय रूपमा प्रतिकूल असर पर्ने कुनै पनि कामकारवाही हुन नदिनु र त्यस क्षेत्रको विकासका लागि उपलब्ध साधनश्रोतको अधिकतम् प्रयोग गर्नु गराउनु भनी यि विपक्षी सरकारी निकाय र अधिकारीका नाउमा परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

घ) विपक्षी जिल्ला विकास समितिको कार्यालयले बढैयातालमा माछा पालन तथा माछा मार्नको लागि विपक्षी छायादत्त भुसाललाई दिएको ठेक्का गैरकानूनी हुनुका साथसाथै सो कार्यबाट बढैयातालको प्राकृतिक, सास्कृतिक, धार्मिक, जैविक विविधता, पर्यटकीय महत्वमा प्रतिकूल असर परीरहेकोले सो गैरकानूनी ठेक्का सम्फौता कार्यान्वयन नगर्नु नगराउनु, बढैया तालमा व्यवसायिक एवं व्यापारिक रूपमा माछा पालन तथा माछा मार्ने कार्य नगर्नु नगराउनु, माछा पालन ठेक्का नदिनु नदिलाउनु, माछा पालन ठेक्का बाट यस पूर्व प्राप्त भएको सम्पूर्ण रकम बढैया तालको संरक्षण एवं सम्वर्द्धनमा नै लगानी गर्नु गराउनु भनी विपक्षी जि.वि.स.बर्दिया र विपक्षी छायादत्त भुसालका नाउँमा निषेधाज्ञा र परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरी पाऔं ।

७) न्याय प्रशासन ऐन २०४८ को दफा ८(२), नागरिक अधिकार ऐन २०१२ को दफा १७ र पुनरावेदन अदालत नियमावली २०४८ को नियम ३३ बमोजिम प्रस्तुत निवेदनपत्र यसै सम्मानित अदालतको अधिकार क्षेत्र भित्र पर्दछ ।

८) यसमा तत्काल कानून व्यवसायी मुकरर गरेका छौं । हाम्रो तर्फवाट उपस्थित हुने कानून व्यवसायीको बसह जिकिर समेतलाई प्रस्तुत निवेदनपत्रको अभिन्न अंग मानी पाऔं ।

९) यसमा देहाय बमोजिमको कोर्ट फि र अन्य दस्तुर यसै साथ संलग्न रहेको छ ।

(क) निषेधाज्ञा र परमादेश तर्फ कोर्ट फि रू.२००/-

(ख) सूचना दस्तुर वापत रू.१००/-

१०) **संलग्न कागज :** देहाय बमोजिमको कागज प्रमाणहरूको फोटोकपी पेश गरेका छौं ।

(क) परिचय पत्र थान ............................................................५

(ख) बढैयाताल माघी, कृषि तथा पर्यटन महोत्सव-२०७१ को प्रचार पम्पलेट थान......१

(ग) जिल्ला प्रशासन कार्यालय बर्दियामा मिति २०७१/९/१३ मा दिएको निवेदनपत्र थान ............................................................१

(घ) जिल्ला प्रशासन कार्यालय बर्दियाले मिति २०७१/९/१३ मा च.नं.१९५३ मा लेखेको पत्र थान............................................................१

(ङ.) सद्भावना र ऋतम्बरा राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७१/९/१४ मा प्रकाशित समाचार थान............................................................२

(च) जि.वि.स.बर्दिया र छायादत्त भुसालका वीचमा मिति २०७९/११/८ मा भएको ठेक्का सम्झौता थान ............................................................१

११) यसमा लेखिएको व्यहोरा फरक ठहरे कानून बमोजिम सहौंला बुझाऔंला ।

निवेदकहरु :

अधिवक्ता ठाकुर सिंह थारू

अधिवक्ता सुनिल श्रेष्ठ

अधिवक्ता विश्वजित तिवारी

अधिवक्ता लोक बहादुर शाह

अधिवक्ता बल बहादुर चन्द

इति सम्वत् २०७१ साल पौष १४ गते रोज् २ शुभम्------------------------------।

# अनुसूची २ : अन्तरिम आदेशको नमूना

श्री पुनरावेदन अदालत नेपालगंज

## संयुक्त इजलास

**माननिय न्यायधिश श्री अवधविहारी प्रसाद सिन्हा**

**माननिय न्यायधिश श्री यमुना भट्टराई**

आदेश

दायरी नं. : ०७२-WO-००३९

रजिष्ट्रेशन नम्बर : १३–०७२–००३८८

**मुद्दा : निषेधाज्ञा/परमादेश ।**

सुनिल कुमार श्रेष्ठ समेत ..........................................................................। निवेदक

विरूद्ध

आन्तरिक राजस्व कार्यालय, बाँके समेत..........................................................। विपक्ष

यसमा निवेदन सहितको मिसिल अध्ययन गरि निवेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु क्रमश : श्री सुनिल कुमार श्रेष्ठ, श्री बल बहादुर चन्द, श्री विश्वजित तिवारी, श्री लोक बहादुर शाह, श्री गणेश प्रसाद शर्मा, श्री केवल सिंह थारू, श्री प्रभाकर भट्टराई, श्री पवन कुमार गुप्ता र श्री रिजवान अहमद मिर्जाले र विपक्षी जिल्ला प्रशासन कार्यालय बाँकेका तर्फबाट उपस्थित पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगंजका विद्धान शाखा अधिकृत श्री प्रयागदत्त जैसीले र विपक्षी कर्णाली डिस्टिलरी प्रा.लि. नेपालगंजको तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्धय श्री ईश्वरी प्रसाद ज्ञवाली र श्री सनत कुमार शर्माले गर्नुभएको बहस समेत सुनियो ।

यसमा विपक्षी जिल्ला बाँके खजुराखुर्द गा.वि.स. वडा नं. ५ कर्णाली डिष्टिलरी प्रा.लि.ले मदिरा उत्पादनको क्रममा निस्कने मदिराजन्य फोहोर पदार्थ सार्वजनिक किरणनालामा मिलाउँदा

प्रदुषण भई जिवजन्तु तथा बनस्पति र जनस्वास्थ्यमा नाकारात्मक असर परेको साथै मदिरा ऐन र नियमावलीको उलंघन गरी यसको किनवेच भै रहेको भन्ने निवेदन दावी रहेको प्रत्यर्थी डिस्टिलरीको तर्फबाट वातावरण प्रदुषण कम गरि उत्पादन गर्न प्रयत्नरत रहेको भन्ने कुरा बहसका क्रममा प्रकट भएको देखियो ।

सार्वजनिक रूपमा प्रयोग हुने उक्त किरणनालामा प्रदुषण मुक्त गरि जिवजन्तु बनस्पति तथा जनस्वास्थ्यको रक्षा गर्नु र मदिरा ऐन र नियमावली पालना गराई यसलाई व्यवस्थित गर्नु उचित सार्वजनिक हितमा देखिन्छ । त्यसैले निवेदन माग दावी बमोजिम उक्त किरणनालामा मदिरा जन्य फोहर पदार्थ बिक्रि गर्ने र रातको १०:०० बजे पछि मदिरा जन्य पदार्थ बिक्री गर्ने कार्य नगर्नु, नगराउनु भनि विपक्षीहरूका नाउँमा यो अन्तरिम आदेश जारी गरिदिएको छ ।

ईति सम्बत् २०७२ साल आश्विन २१ गते रोज ५ शुभम् ..........................................।

# अनुसूची ३ : आदेशको नमूना

श्री पुनरावेदन अदालत नेपालगंज

## संयुक्त इजलास

**इजलास नं. ४**

**माननिय न्यायधिश श्री अवधविहारी प्रसाद सिन्हा**

**माननिय न्यायधिश श्री दिनेश प्रसाद यादव**

आदेश

दायरी नं. : ०७२-WO-००२८

रजिष्ट्रेशन नम्बर : १३–०७२–००२६८

**मुद्दा : निषेधाज्ञा/परमादेश ।**

अधिवक्ता विश्वजित तिवारी समेत ............................................................। निवेदक

**विरूद्ध**

कोहलपुर नगरपालिका कार्यालय, बाँके समेत ...............................................। विपक्ष

प्रस्तुत निवेदन अध्ययन गरि निवेदक स्वयंम् विद्धान अधिवक्ताहरु श्री विश्वजित तिवारी, श्री रूद्रमणी न्यौपाने र निवेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री सुनिल कुमार श्रेष्ठ, श्री केवल सिहं थारू, श्री गणेश प्रसाद शर्मा, श्री बल बहादुर चन्द र श्री प्रभाकर भट्टराई तथा विपक्षी जिल्ला प्रशासन कार्यालय बाँके समेतका तर्फबाट उपस्थित विद्धान सह-न्यायधिवक्ता श्री हरि प्रसाद जोशीले गर्नु भएको बहस सुनियो ।

यसमा यो निवेदनको टुङ्गो नलाग्दा सम्मको अवधिको लागी पनि सुविधा र सन्तुलनको दृष्टिकोण एवं नेपालीहरूको आउँदो चाडपर्व समेतलाई विचार गर्दा यी निवेदकहरु लगायतका कोहलपुर नगरपालिका बासिन्दाको मानव स्वास्थ्य र पार्यावरणमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पर्न जाने असरलाई ध्यान राखी उपयुक्त आदेश दिन यस इजलासबाट आवश्यक देखिएकोले अनियन्त्रित मासु विक्री वितरणबाट मानव स्वास्थ्य र वातावरणमा असर पर्ने कार्य हुन नदिन

भै रहेका त्यस्ता कार्यहरु तत्काल रोक्नु र रोक्न लगाउनु भनि पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ क(१) बमोजिम आवश्यक र उपयुक्त आदेश जारी गरिदिएको छ ।

साथै निवेदकहरूको निवेदन व्यहोरा र दुवै पक्षको वहसमा उठेका कुराहरूलाई ध्यानमा राख्दा विपक्षी मध्येका कोहलपुर नगरपालिका कार्यालयका प्रमुखले अन्य विपक्षी पशु सेवा केन्द्र क समेतसँग आवश्यक सहयोग लिई समन्वय गरि कम्तिमा ३ जनाको टोली बनाई अनियन्त्रित र अव्यवस्थित रूपमा मासु वेचविखन गरेको स्थानको स्थलगत अवलोकन गर्न लगाई कोहलपुर नगरपालिका अन्तर्गतका कुन–कुन वडामा कुन स्थानमा को कस्ले के कस्तो तरिकाबाट के कसरी पुशु वध गरि माछा, मासु र यस सम्बन्धि खरिद विक्री गर्ने कार्य गरेका छन् । सो सम्बन्धमा पछि सम्म फरक नपर्ने व्यहोराको प्रष्ट लगत समेत यो आदेश प्राप्त भएको मितिले एक महिना भित्र यस अदालतमा पेश गर्नु भनि थप आदेश समेत यस इजलासबाट दिईएको छ । यो आदेशको जानकारी अविलम्ब विपक्षहरूलाई दिनु होला ।

ईति सम्बत् २०७२ साल भाद्र ३१ गते रोज ५ शुभम् ..........................................।

# अनुसूची ४ : फैसलाको नमूना

श्री पुनरावेदन अदालत नेपालगंज

## संयुक्त इजलास

**माननिय मुख्य न्यायधिश श्री बम कुमार श्रेष्ठ**

**माननिय न्यायधिश श्री यमुना भट्टराइ**

**आदेश**

दायरी नं. : ०७१-WO-००५८

**मुद्दा : निषेधाज्ञा/परमादेश ।**

भिख्खु थारूको छोरा जिल्ला बर्दिया मैनापोखर गा.वि.स. वडा नं ३ वस्ने अधिवक्ता ठाकुर सिंह थारू ........................................१

महिला कानुन र विकास मन्च (FWLD) को तर्फबाट तथा आफ्नो हकमा समेत जिल्ला बाँके नेपालगंज उपमहानगर पालिका वडा नं. १६ बस्ने अधिवक्ता सुनिल कुमार श्रेष्ठ ........................................१

मानव अधिकार तथा सुचना अनुसन्धान केन्द्र (IHRC) बाँकेको अध्यक्ष ऐ. वडा नं. ८ बस्ने अधिवक्ता विश्वजित तिवारी ........................................१

जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं. १६ बस्ने अधिवक्ता लोक बहादुर शाह ........................................१

ऐ.ऐ. वडा नं. २४ बस्ने अधिवक्ता बल बहादुर चन्द ........................................१

निवेदक

**विरूद्ध**

श्री जिल्ला प्रशासन कार्यालय बर्दिया ........................................१

ऐ. कार्यालयका प्रमुख जिल्ला अधिकारी ........................................१

जिल्ला विकास समितीको कार्यालय, बर्दिया ........................................१

ऐ. कार्यालयका स्थानीय विकास अधिकारी........................................१

सोरहवा गा.वि.स. को कार्यालय, बर्दिया ........................................१

ऐ. कार्यालयमा कार्यरत गा.वि.स.सचिव ........................................१

मैनापोखर गा.वि.स. को कार्यालय ........................................१

विपक्ष

ऐ. कार्यालयका गा.वि.स सचिव ..........................................................................................................१
बढैया ताल माघी, कृषी तथा पर्यटन महोत्सव मुल आयोजक समिति, बढैया ताल, बर्दिया ..........................................................................................................१
बलराम भुसालको छोरा जिल्ला बर्दिया सोरहवा गा.वि.स वडा नं. २ बस्ने ठे. छाँयादत्त भुसाल ..........................................................................................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ ।

**तथ्य खण्ड**

१) बर्दिया जिल्ला सोहरवा गा.वि.स र मैनापोखर गा.वि.स. अन्तर्गत प्राचीत बढैया ताल रहेको छ । यस तालको क्षेत्रफल करिव १ सय ९ विगाह ४ कठ्ठा साढे सत्र धुर अर्थात ६३ हेक्टर रहेको छ । बढैया ताल मध्यपश्चिमा क्षेत्रकै ठुलो प्राकुतिक ताल हो उक्त ताल थारू समुदायको धार्मिक आस्थाको धरोहरको रूपमा रहेको छ । बढैया ताल सिमसार क्षेत्र समेत हो । यस तालमा रैथाने साइवेरिया भारत लगायतका देशबाट हजारौ चरा चुरुङ्गीहरु मौसमी रूपमा आउने गरेको छन् यस सिमसारको रोनकता चराले बढाएको छ । त्यसै गरि यस तालमा सय भन्दा बढी प्रजातीका माछा तथा अन्य जिव पनि पाइन्छ । समग्रमा बढैया ताल ऐतिहासिक धार्मिक प्राकृतिक सांस्कृतिक पर्यटकिय र जैविक विविधताको दृष्टिकोणले समेत महत्वपुर्ण क्षेत्र हो र वातावरणीय दृष्टिकोणले समेत यो संरक्षित क्षेत्र हो । तालमा थारू समुदायको कुल देउताको वासस्थान रहेको भन्ने प्राचिन र धार्मिक मान्यता रहेको छ । तालमा पस्नु भन्दा अघि पुजा गर्ने परम्परा छ । ताल भित्र फोहर फाल्न पाइदैन । महिनावारी भएका वेला महिलाहरु तालमा पस्दैनन् । ताल भित्र कपडा धुन, भाडा माइन नपाउने परम्परा छ । उक्त ताललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा धार्मिक सांस्कृतिक पर्यटकिय स्थलको लागी बढैया ताल उदाहरणीय बन्न सक्ने विविध आधारहरु छन् । आदीबासीको वस्तीकला र संस्कृतीले यो सिमसार घेरिएको छ । सम्बन्धित निकाय र व्यक्तीको यस क्षेत्रको प्रसार पचार संरक्षण सम्बर्द्धन गरे गराएको खण्डमा सम्बन्धित गा.वि.स. जिल्ला नै आर्थिक उन्नति र प्रगति हुन सक्छ । नियमित रूपमा संरक्षण एवं संबर्द्धनको उचित व्यवस्था नभएका कारण बढैया तालको प्राकृतिक सौन्दर्यता घट्दो क्रममा छ । रूख विरूवा तथा फुलहरु सुक्ने क्रम जारी छ । बढैया तालको क्षेत्र विभिन्न ठाउँबाट अतिक्रमण भईरहेको छ । प्राकृतिक ताललाई माछा पालन र विक्रीको निजी एवं व्यावसायीक ताल बनाइएको छ । जिल्ला विकास समिती वर्दियाले माछा पालन र वेचविखन गर्न समेत पाउने गरी २०७० साल वैशाख देखि २०७४ चैत्र मसान्त सम्मको लागी विपक्षी छायादत्त भुसाललाई मिति २०६९।११।१९ मा ठेक्कामा दिइएको छ । प्राकृतिक र

जैविक तालला‌ई व्यक्तिगत माछापालनको रूपमा प्रयोग गर्ने गराएका कारण एका तर्फ प्राकृतिक तथा जैविक विविधतामा ह्रास आइरहेको छ भने त्यहाँ माछा तथा जिवजन्तुहरु नष्ट हुने क्रम जारी छ । ठेक्कामा नै दिन नमिल्ने बढैया तालला‌ई गैरकानुनी रूपमा जलचर संरक्षण ऐन २०१७ र स्थानिय स्वायत्त शासन ऐन २०५५ को कानुनी व्यवस्था विपरित माछा पालन तथा मार्नको लागी ठेक्कामा दिइएको र सो ठेक्काबाट आउने रकम समेत सो तालको संरक्षण एवं विकासमा नलगाउने कारण विपक्षहरु सो प्राकृतिक एवं धार्मिक बढैया ताल अति सम्बेदनशिल नभएको प्रष्ट छ । बढैया तालको प्रचार प्रसार गर्ने नाममा केही स्थानिय व्यक्तिहरूले बढैया ताल माघी कृषि तथा पर्यटन महोत्सवको मुल आयोजक समिति गठन गरि बढैया ताल परिसरमा २०७१ साल पौष २५ गते देखि माघ १ गते सम्म महोत्सवको आयोजना गर्ने गराउने निर्णय गरी ब्रोसर, पत्र पत्रिका तथा संचार माध्यमबाट प्रचार प्रसार गर्ने कार्य भइरहेको छ । महोत्सव स्थल बढैया ताल परिसरमा १५० वटा स्टल राखी तथा व्यावसायी समेत संचालन गरिने कुरा पनि सार्वजनिक गरिएको छ । बढैया ताल परिसरमा महोत्सव आयोजना गर्नको लागी तालको पुर्व तर्फको केही भागको पानी सुका‌ई त्यहाँ रहेको बाँध भत्काएर महोत्सवमा आउन जानको लागी सडक बाटो निर्माण गर्ने गराउने कार्य भइरहेको छ । महोत्सवमा आउन जानका सडक बाटो निर्माण गर्ने गराउने कार्य भइरहेको छ । महोत्सवमा आउन जानको लागी सडक बाटो निर्माण गर्ने गराउने कार्य भइरहेको छ । महोत्सव स्थलमा व्यापार प्रयोजनार्थ स्टल राख्ने तयारी समेत नरोकीने हो भने ऐतिहासिक धार्मिक एवं बातावरणीय दृष्टिकोणबाट समेत नाकारात्मक असर पर्न जाने हुन्छ । कुनै पनि महोत्सव आयोजना गर्नको लागी स्थानिय प्रशासन जि.वि.स. गा.वि.स. लगायत सम्बन्धित निकायबाट महोत्सव आयोजना गरिने उद्देश्य र विषय उल्लेख गरि पुर्व स्विकृति र अनुमति लिनुपर्ने हुन्छ । बढैया ताल माघी कृषि तथा पर्यटन महोत्सव बढैया ताल परिसरमा आयोजना गर्नको लागी कोही कसैले स्वीकृती वा अनुमति लिए नलिएको सम्बन्धमा विपक्षी निकायहरूसँग बढैया ताल परिसरमा महोत्सव गर्न पाउने गरि आफुहरूले स्वीकृती एवं अनुमति नदिएको भनि मौखिक जानकारी गराउने गरेका छन् । धार्मिक सांस्कृतिक तथा बातावरणीय दृष्टिकोणबाट प्रतिकुल असर पर्ने भएकोले सो कार्य रोकी सार्वजनिक सम्पत्ती र सम्पदाको संरक्षण गरि गरा‌ई पाउँ भनी निवेदक मध्ये को म ठाकुर सिंह थारू समेत ८० जना स्थानिय नागरिकले मिति २०७१।९।१३ मा द.नं.१८५१ बाट विपक्षी जिल्ला प्रशासन कार्यालय, बर्दिया र जि.वि.स. मा निवेदन दिएका थियौँ । विपक्षी जिल्ला प्रशासन कार्यालय बर्दियाले बढैया ताल परिसर भित्र महोत्सव आयोजना नगर्न भनि महोत्सव आयोजक समिती र गा.वि.स.समेतला‌ई पत्राचार गरेकोमा महोत्सवको सम्पुर्ण तयारी भ‌ई सकेकोले कुनै पनि हालतमा नरोकिने र बढैया ताल परिसर भित्र महोत्सव सम्पन्न गर्ने जानकारी विपक्षी महोत्सव आयोजक मुल समीतीले गरेका छन् । सो तयारी समेत तिव्र रूपमा भइरहेको छ । हामी निवेदक महोत्सव

विरोधी होइनौँ । विभिन्न महोत्सवको आयोजना गरि आफ्नो गाउँ, ठाउँ जिल्ला र समग्र देशको पचारप्रसार र विकास गर्नुपर्छ भन्ने समेत हाम्रा मान्यता रही आएको छ । बढैया तालको परिसर भन्दा बाहीर महोत्सव संचालन गर्नु नगराउनुहोस् भन्दा विपक्षीहरूले हाम्रो कुराको कुनै सुनुवाई गर्नु भएको छैन । यसरी जिल्ला प्रशासन कार्यालय बर्दियाको पत्रानुसार महोत्सव आयोजक समितीले बढैया ताल परिसर भित्र महोत्सव आयोजना गर्ने भनि जानकारी गराएकोले यस कार्य रोक्नु रोकाउनु पर्छ यसबाट ठुलो क्षती हुन सक्छ भनि विपक्षी कार्यालयहरूमा अनुरोध गर्दा स्थानिय नागरिकको पहलमा सो महोत्सव आयोजना रोक्न रोकाउन सक्दैनौ भनि आफ्नो पदिय र कानुनी दायित्व निर्वाह गर्नबाट इन्कार गर्नु भएकोले सार्वजनिक, साँस्कृतिक र प्राकृतिक सम्पतिको संरक्षण गर्नको लागी सार्वजनिक सरोकारको विषयमा अ.वं.१० नं. बमोजिम अनुमति लिई प्रस्तुत निवेदन दिएका छौँ । प्रत्येक व्यक्तिलाई स्वचछ वाताबरणमा बाँच्न पाउँने हकलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १६(१) मा मौलिक हकको रूपमा स्विकार गरिएको छ । त्यसै संविधानको धारा १७ (३) ले प्रत्येक समुदायलाई आफ्नो भाषा लिपी साँस्कृतीक सभ्यता र सम्पदाको संरक्षण गर्ने हक धारा २३ मा प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक र साँस्कृतिक परम्पराको मर्यादा राखी चली आएको आफ्नो धार्मिक आवलम्बन अभ्यास र संरक्षण गर्ने हक हुने प्रत्येक धार्मिक स्थल गुठीको संचालन र संरक्षण गर्ने हक हुने छ भन्ने संवैधानिक व्यवस्था गरेको छ । बढैया तालको जग्गाको अभिलेख राखी प्राकृतिक, धार्मिक साँस्कृतिक जैविक विविधता र बाताबरणमा प्रतिकुल पार्ने कुनै पनि कार्य नगर्नु नगराउनु गर्न नदिनु भनि २०१२ को दफा १७ र पुनरावेदन अदालत नियमावली २०४८ को नियम ३३ क. बमोजिम अन्तरिम आदेश सहित निषेधाज्ञा र परमादेशको आदेश लगायत उपयुक्त आदेश जारी गरि पाउँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

२) यसमा निवेदन माग बमोजिम निषेधाज्ञा /परमादेशको आदेश किन जारी हुन नपर्ने हो ?आदेश जारी हुन नपर्ने कुनै आधार, प्रमाण र कारण भए सो समेत उल्लेख गरि बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र विपक्षी नं. १ देखी ८ सम्मको हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगंज मार्फत र अन्य विपक्षीहरूको हकमा आफैँ वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनि विपक्षीहरूका नाउँमा म्याद जारी गरि लिखित जवाफ परे वा सो को अवधी नाघेपछि नियमानुसार गर्नु । निवेदकले अन्तरिम आदेश समेत माग गरेको देखिदा वातावरणीय क्षतिको कुरा उठाई त्यस क्षेत्रको सुन्दरता एवं जैविक विविधता एवं चरा,चुरङ्गीमा पर्न सक्ने नाकारात्मक असरको प्रश्न समावेश भएकोले दुवै पक्षलाई राखी अन्तरिम आदेश दिने नदिने सन्दर्भमा छलफल गर्न उपयुक्त देखिएको हुँदा मिति २०७१।९।२१ गते

निवेदकलाई छलफलको तारेख तोकी विपक्षीहरूलाई सो को जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतबाट मिति २०७१।०९।१७ मा भएको आदेश ।

३) निवेदक र विपक्षीहरु दुवै पक्षको प्रतिवद्धता र शोच तालको धार्मिक, पर्यावरणीय, साँस्कृतिक समेतको संरक्षण तर्फ नै रहेको हुँदा र महोत्सवमा कुनै विरोध नहुँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुदा हाल विपक्षी जिल्ला प्रशासन कार्यालय बर्दियाले आफैले मिती २०७१।९।१३ मा जारी गरेको पत्र समेतलाई पालना र कार्यान्वयन गरी गराई अन्य विपक्षी र निवेदकहरु समेतलाई समन्वय गरी बढैया तालको धार्मिक, सांस्कृतीक पर्यावरणीय संरक्षण समेत गरी र कुनै प्राकृतिक स्वरूपमा विगार नगरी बढैया ताल माघी कृषी तथा पर्यटन महोत्सव २०७१ गर्नु गराउनु भनि विपक्षी हरुको नाउमा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतबाट मिति२०७१।९।२१ मा भएको आदेश ।

४) बढैया तालको संरक्षण समबर्द्धन गरी प्राकृतिक सम्पदाको अस्तित्वलाई दिगो रूपमा जोगाई राख्नको लागी पानीको आपुर्ति तथा निकासको लागी उपयुक्त बन्दोवस्त गरी यस क्षेत्रमा रहेको रैथाने साइवेरिया तथा छिमेकी भारतबाट आउने चरा चुरूङ्गीहरुको उपयुक्त बासस्थानको रूपमा विकास गरि यस बढैया ताल क्षेत्रलाई बर्दिया जिल्ला कै प्राकृतिक धार्मिक सांस्कृतिक तथा जैविक विविधता युक्त पर्यटकिय स्थलको रूपमा विकास गर्ने लक्ष्य अनुरूप यस तालको संरक्षण भइरहेको छ । यस क्षेत्रको विकासको लागी २०३८ साल देखि माछा ठेक्का तत्कालिन जिल्ला पंचायतको मिती २०३८।१०।२५ र २०३८।११।५ को निर्णय बन्दोवस्त गर्दै आएको र रकमबाट तालको मर्मत सम्भार गरि संरक्षण गर्दै आएकोमा मिति २०६४।३।१७ को सर्वदलिय बैठकको निर्णय बमोजिम माछा ठेक्काबाट प्राप्त रकमको ५० प्रतिशत रकम बढैया तालको संरक्षण र संवर्द्धन तथा जैविक विविधतालाई कायम राख्न खर्च गर्ने निर्णय बमोजिम सम्बन्धित उपभोक्ता मार्फत बढैया ताल संरक्षण गरिएको छ । पर्यटन मन्त्रालयबाट उक्त तालमा बजेट लगानी भईरहेको र जिल्ला विकास समिति वर्दियाले जिल्लाकै परम्परा र ऐतिहासिक महत्व बोकेको बढैया ताल जिल्ला मात्र नभई राष्ट्रिय महत्वको ताल भएकोले यसको संरक्षण गर्ने पर्यटकिय स्थलको रूपमा विकास गर्ने अतिक्रमण रोक्ने कार्यमा स्थानिय श्रोत समेतको प्रयोग गर्ने प्रयास जिल्ला विकास समितीले गरेको हुँदा कपोलकल्पित कुराहरु ल्याई रिट निवेदन दिएको हुँदा खारेज गरी पाउँ भन्ने व्यहोरको जिल्ला विकास समिती कार्यालय, बर्दिया र स्थानिय विकास अधिकारी को संयुक्त लिखित जवाफ ।

५) धार्मिक पर्यटकिय सिमसार क्षेत्र भएको बढैया तालको परिसरमा महोत्सव संचालन नगर्नु भनि हामीले रोक्न सक्दैनौ भनि यस कार्यालयबाट रिट निवेदकलाई नाकारात्मक जवाफ दिएको होइन । छैन । सो बढैया ताल प्रदुषित हुने कुनै काम कुरा यस कार्यालयबाट

नभएको र रिट निवेदनमा उल्लेख भएको यस कार्यालयबाट ऐन नियम संधि सम्झौता र प्रतिज्ञा पत्रका प्रावधानहरु उलंघन हुने कुनै काम नभएको नगरेकोले रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, बर्दिया र ऐ. को प्रमुख जिल्ला अधिकारी समेतको लिखित जवाफ ।

६) निषेधाज्ञाको रिट जारी हुनको लागी कार्य हुनुभन्दा अगावैको र आशंकाको अवस्था मा मात्र जारी हुन सक्छ । कार्य नै सम्पन्न भएको अवस्था मा निषेधाज्ञाको निवेदनबाट संसोधन हुन सक्दैन । जिल्ला विकास समिती बर्दियाबाट २०६९।११।८ गतेको मितिले ५ वर्ष सम्म ठेक्का मा लिई तोकिएको राजस्व कर बुझाउदै आएको छु । यसरी ठेक्का कार्य सम्पन्न भई सकेको अवस्थामा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत व्यहोराको विपक्षी मध्येका छायादत्त भुसालको लिखित जवाफ ।

७) रिट निवेदकले उल्लेख गरे बमोजिमको वढैया ताल माघी कृषि तथा पर्यटन महोत्सव आयोजना गर्न मौखिक तथा लिखित अनुमति नदिएको र जिल्ला प्रशासन वर्दियाको च.नं. १९५३ को मिती २०७१।९।९ को पत्र प्राप्त हुनासाथ बढैया तालको परिसर भित्र बाहेक अन्य ठाउँमा बढैया ताल कृषी तथा पर्यटन महोत्सव संचालन गर्नु गराउनु भनि च.नं. २४७२ को मिती २०७१।९।१४ को पत्र समेत संयोजक अध्यक्ष अमर सिंह थारूलाई जानकारी पत्र पठाएको हुँदा यस गा.वि.स. को कार्यालयले पर्यटन क्षेत्रलाई प्रदुषण गर्ने गरि कुनै किसिमको बढैया ताल माघी कृषि तथा पर्यटन महोत्सवलाई मौखिक तथा लिखित अनुमति नदिएकोले उक्त रिट खारेज गरि पाउँ भन्ने समेत व्यहोराको सोरहवा गा.वि.स. कार्यालय समेतको लिखित जवाफ ।

**ठहर खण्ड**

८) नियम वमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सुचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मद्दामा निवेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री ठाकुर सिंह थारू, लोक बहादुर शाह, बल बहादुर चन्द, विश्वजित तिवारी र केवल सिंह थारूले र विपक्षी छायाँदत्त भुषालको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री इश्वरी प्रसाद ज्ञवालीले गर्नु भएको बहस समेत सुनियो ।

९) निवेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरूले विपक्षीहरूको कार्यले तालको संरक्षणमा बाधा पुऱ्याई प्राकृतिक, धार्मिक, साँस्कृतिक र जैविक विविधता समेतमा नाकारात्मक असर पुऱ्याईएकोले विपक्षीहरूबाट भएको त्यस्तो काम रोकी पाउँ भनि भन्नु भयो भने विपक्षी तर्फका विद्धान अधिवक्ता ज्यूले ठेक्का भईसकेको स्थिती हुँदा माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन भनि आ-आफ्नो पक्षका तर्फबाट बहमस प्रस्तुत गर्नु भयो ।

१०) निवेदकको माग बमोजिम निषेधाज्ञाको आदेश जारी हुनु पर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

११) स्वच्छ वातावरणमा बाच्ने हकको सन्दर्भमा पर्यावरणिय संरक्षण र सम्बर्धनलाई अलग गर्न मिल्दैन। स्वच्छ वातावरणको मुल आधारमध्ये पर्यावरणिय शुद्धताको पनि महतवपुर्ण स्थान रहेको हुन्छ ।

१२) निवेदक तर्फबाट रहनु भएको अधिवक्ता ज्युहरूबाट बहसको क्रममा बढैया ताल सिमसार क्षेत्रको जैविक विविधता झल्कने प्रतिवेदन सहित सार संक्षेप, २००९ प्रस्तुत गर्नु भै सो को अध्ययन पनि गरियो । जुन पुस्तकमा बढैया ताल सिमसार क्षेत्रमा पाइने जैविक विविधताको बारेमा उल्लेख भएको पाइयो । जसमा उल्लेख भए अनुसार बढैया सिमसार क्षेत्रमा स्थानिय जातका ४२, खतरामा परेका जात मध्येको ३१, विकासी जातका ९ प्रकारका माछा, ८८ प्रकारका चराहरू, २१ प्रकारका वनस्पति, ७ प्रकारका किरा, ४ प्रकारका भ्यागुता, ३ प्रकारकाको बारेमा विभिन्न तालिका बनाई उल्लेख गरेको पाइयो ।

१३) यसका साथै प्रस्तुत पुस्तककै अवलोकनबाट बढैया तालको अरू महत्वपुर्ण पक्षहरूलाई पनि उल्लेख गरिएको देखिन्छ । जस्तो बातावरणिय महत्व, साँस्कृतिक महत्व, आर्थिक महत्व सिचाईको महत्वलाई महसुस गरेर सिमसार क्षेत्रको घोषणाको माग, ताल संरक्षणको प्रयास,जस्ता कुराहरूको भन्ने पुस्तककै अवलोकनबाट देखिन्छ । तालमा माछा पालनको लागी ठेक्का दिदाँ लिँदा भएको सम्झौता समेतमा तालको पर्यावरणिय महत्वलाई महसुस गरि तालको चारै तर्फ सम्भव भएको ठाउँमा विरूवा लगाई संरक्षण गरी हुर्काउनु पर्ने र तालमा आश्रित पशुपन्छिहरूको सिकार खेल्न नपाईने रसायनिक विषादी प्रयोग गर्न नपाइने भनि उल्लेख गरिएको कुरा मिति २०६९।१०।०८ मा भएको सम्झौताको सर्तमा उल्लेख भएको पाइन्छ ।

१४) यसरी जैविक विविधताको दृष्टिकोणबाट महत्व राख्ने चिजवस्तु तालको संरक्षण सम्बर्द्धनमा समयमै ध्यान पु¥याईएन भने समय गुज्रिसकेपछि पछुटाउने बाहेक अरू विकल्प नरहेको विभिन्न उदाहरणहरूबाट नदेखिएको होइनन् ।लोप भए पछि त्यसलाई पुरानै र प्राकृतिक अवस्थामा फर्काउने कुरा हाम्रो बश देखि बाहिर हुन्छ । किनकी यो दुनियाँमा प्रकृतिलाई जित्न सम्भव छैन । त्यसैले प्रकृती अथवा प्रकृती प्रदत्त कुरालाई त्यसको शुद्धता स्वच्छतामा आँच नआउने गरि बिचाउन सकिने हुन्छ । यसको लागी सोच र प्रतिवद्धता आवश्यक हुन्छ । जुनकुरा निवेदक को निवेदनबाट झल्कीएको पाइन्छ । त्यसैले पर्यावरणीय दृष्टिदे र जैविक विविधताको दृष्टिले महत्व राख्ने तालको संरक्षण र सम्बर्द्धनमा सम्बन्धीत सरोकारवाला कसैले पनि आ–आफ्नो दायित्व र कर्तव्यबाट विमुख हुन मनासिव नहुने भएकोले निवेदकले निवेदनमा उठाएको पर्यावरणीय र जैविक विविधता को सवाल सामयिक मात्र नभएर आवश्यक नै देखियो ।

१५) मिति २०७१।९।२५ गते देखि मिती २०७१।१०।१ गते सम्म आयोजना गर्ने भनिएको बढैया ताल माघी कृषि तथा पयृटन महोत्सव को आयोजना को अवधी नै व्यतित भइसकेकोले सो सन्दर्भमा आदेश जारी गरिरहनु नपर्ने प्रयोजन समाप्त भै सकेको र माछा पालन तथा माछा मार्नको लर्गा दिएको ठेक्का का सम्बन्धमा धेरै समय अगाडी देखि नै ठेक्का लगाउने काम ष्एको कुरामा विवाद नभई ठेक्काबाट प्राप्त हुने आर्थिक श्रोत ताल संरक्षणको आधार बनेको र बन्ने कुरामा समेत निवेदक सहमत भएको अवस्था देखिदा महोत्सवको आयोजना नगर्नु नगराउनु भनि निवेदकको माग बमाजिम निषेधाज्ञाको आदेश जारी गरिरहनु पर्ने अवस्था को विद्यमान नभएकोले सो तर्फ सम्म निवेदक निवेदन माग दावी पुग्न सक्दैन ।

१६) निवेदनमा माग गरेको अरू विषयको हकमा बढैया तालको प्राकृतिक, धार्मिक,साँस्कृतिक र जैविक विविधता र वातावरणमा प्रतिकुल असर पार्ने कुनै कार्य नगर्नु नगराउनु र गर्न नदिनु भनि निवेदकको निवेदन माग बमोजिम विपक्षहरूको नाममा निषेधाज्ञाको आदेश जारी भई जग्गाको अभिलेख राखी तालको नियमीत संरक्षण सम्बर्द्धन गरी तालको प्राकृतिक,धार्मिक,साँस्कृतिक र वातावरणीय कुरालाई प्राथमिकतामा राखी त्यसको प्रतिकुल हुनेकाम कारबाही हुन नदिनु भनि विपक्षी बनाईएका १ देखि ८ नं. सम्म का विपक्षीहरूको नाममा निवेदकको माग बमोजिम परमादेश समेत जारी हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

- माथी ठहर खण्डमा लेखिए बमोजिम केही कुराको हकमा निषेधाज्ञा खारेज हुने र केहीमा निषेधाज्ञा र परमादेशको आदेश जारी हुने ठहरेकोले यो आदेशमा चित्त नबुझे श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनि निवेदक र विपक्षीहरूलाई ३५ दिने पुनरावेदन म्याद दिनु ........................................१
- सरोकारवालाले आदेशको नक्कल माग्न आएका नियमानुसार गरि नक्कल दिनु ... ........................................२
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु ..................३

न्यायाधिश — मुख्य न्यायधिश

श्री यमुना भट्टराई — श्री बम कुमार श्रेष्ठ

ईति सम्बत् २०७१ साल चैत्र ११ गते रोज ४ शुभम्...........................................।

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

**महासभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव नम्बर २२०० ए (२१) बाट ग्रहणगरी हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुला गरिएको**

**लागू भएको मितिः** धारा २७ अनुसार, ३ जनवरी १९७६ तदनुसार १९ पौष २०३२

**प्रस्तावना**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू,

संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घोषण गरिएका सिद्धान्तहरु अनुरूप नैसर्गिक प्रतिष्ठा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको अधारशिला भएको तथ्यलाई विचार गर्दै,

मानिसमा अन्तरनिहित प्रतिष्ठाबाट नै यी अधिकारहरु निःसृत हुने कुरालाई मान्यता दिंदै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातीको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका साथै नागरिक तथा राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सृजना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिंदै,

संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालनालाई प्रवर्द्धन गर्ने राष्ट्रहरूको दायित्वलाई विचार गर्दै,

अन्य व्यक्तिहरु तथा आफ्नो समुदाय प्रति व्यक्तिको कर्तव्य भएकाले व्यक्तिसंग यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारको प्रवर्द्धन र पालनाको लागि प्रयत्न गर्ने उत्तरदायित्व भएको कुरा महसुस गर्दै,

**देहायका धाराहरूमा सहमत भएका छन्:**

## भाग १

### धारा १

१. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरु स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन् ।

२. सम्पूर्ण जनताहरूले आपसी फाईदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरु स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन् । कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन ।

३. गैर स्वशासित तथा न्यास ईलाकाहरूको प्रशासन गर्ने उत्तरदायित्व भएका पक्ष राष्ट्रहरु लगायत प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले आत्मनिर्णयको अधिकारको प्राप्ति प्रवर्द्धन गर्ने र संयुक्त राष्ट्र संघको बडापत्रका व्यवस्थाहरु अनुरूप सो अधिकारको सम्मान गर्नेछन् ।

## भाग २

### धारा २

१. प्रस्तुत प्रतिज्ञापत्रका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगत रूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोग मार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गरी मूलत कानूनी उपायहरूको अवलम्वन समेत सम्पूर्ण समुचित उपायहरूबाट प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरु प्रगतिशील रूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरु चाल्ने प्रतिज्ञा गर्दछ ।

२. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरु जाति, वर्ण, लिंग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन् ।

३. विकासशील देशहरूले मानव अधिकार तथा आफ्ना राष्ट्रिय अर्थ व्यवस्थालाई उचित ध्यान दिँदै प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत आर्थिक अधिकार गैर नागरिकहरूलाई कुन हदसम्म प्रत्याभूत गर्ने हो सो कुरा निर्धारण गर्नेछन् ।

## धारा ३

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग गर्ने पुरूष तथा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन् ।

## धारा ४

प्रस्तुत प्रतिज्ञापत्र अनुकूल हुनेगरी राष्ट्रले व्यवस्था गरेका अधिकारहरूको उपभोगमा यस्ता अधिकारहरूको प्रकृतिसँग मिल्ने गरी तथा प्रजातान्त्रिक समाजमा जनकल्याण प्रवर्द्धन गर्ने एक मात्र उद्देश्यका लागि कानूनद्वारा निर्धारित सीमाहरु अन्तर्गत मात्र सो राष्ट्रले त्यस्ता अधिकारहरु सीमित गर्नसक्ने कुरा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु स्वीकार गर्दछन् ।

## धारा ५

१. कुनै पनि राष्ट्र, समूह वा व्यक्तिलाई प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका कुनै पनि अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई प्रस्तुत प्रतिज्ञापत्रमा व्यवस्था भए भन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएको कुनै पनि कृयाकलापमा संलग्न हुने वा काम गर्न पाउने अर्थ आउने गरी प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित कुनै पनि कुराको व्याख्या गर्न सकिने छैन ।

२. प्रस्तुत प्रतिज्ञापत्रले यस्ता अधिकारहरु स्वीकार गर्दैन वा तिनलाई कम मात्रामा स्वीकार गर्दछ भन्ने वहानामा कानून, महासन्धिहरु, नियमहरु वा परम्पराका आधारमा कुनै पनि देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै पनि मौलिक मानव अधिकार उपरको कुनै पनि नियन्त्रण वा सोको कुनै पनि न्यूनतालाई स्वीकार गरिनेछैन

# भाग ३

## धारा ६

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले काम गर्ने अधिकार स्वीकार गर्छन्, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत समावेश हुनेछ । प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले यस अधिकारलाई सुरक्षा गर्न समुचित कमद चाल्नेछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूबाट चालिने कदमहरूमा प्राविधिक र व्यवसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, स्थिर आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास प्राप्त गर्ने नीति र प्रविधिहरु एवं व्यक्तिका मौलिक राजनैतिक तथा आर्थिक स्वतन्त्रताहरु सुरक्षा गर्ने अवस्थाहरु अन्तरगत पूर्ण र उत्पादनमूलक रोजगारी समेत समावेश हुनेछन् ।

## धारा ७

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले खासगरी देहायका कुराहरु सुनिश्चित गर्ने कामका उचित र सुहाउँदा अवस्थाहरु उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्दछन्ः

(क) सबै कामदारहरूलाई न्यूनतम रूपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिकः

(१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरूषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति,

(२) प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरूप उनीहरु र उनीहरूका परिवारहरूलाई राम्रो जीवनस्तर,

(ख) सुरक्षित र स्वस्थ्य कामका अवस्थाहरु,

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै पनि कुराका अधिनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नती हुन पाउने अवसर,

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमांकन तथा तलबी आवधिक विदा लगायत सार्वजनिक विदा वापतको पारिश्रमिक ।

## धारा ८

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु निम्न कुरा सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन्ः

(क) आफ्नो आर्थिक तथा सामाजिक हित प्रवर्द्धन र संरक्षण गर्न त्यस्ता सम्बन्धित संगठनका नियमहरूको अधिनमा मात्र रहने गरी आफूले छानेका ट्रेड युनियन खोल्ने र त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको अधिकार । यस अधिकारको प्रयोगमा

कानूनले तोकेको तथा राष्ट्रिय वा सार्वजनिक व्यवस्था वा अरूको अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिवन्ध बाहेक अन्य कुनै पनि प्रतिबन्ध लगाउन पाईने छैन ।

(ख) राष्ट्रिय महासंघ वा परिसंघ स्थापना गर्ने ट्रेड युनियनहरूको अधिकार तथा यस्ता महासंघ वा परिसंघहरूको अन्तर्राष्ट्रिय ट्रेड युनियन संगठनहरु खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकार,

(ग) कानूनद्वारा तोकिएका तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको हितमा वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिवन्ध बाहेक अन्य कुनै पनि प्रतिबन्धहरूको अधिनमा नरहने गरी स्वतन्त्र रूपमा काम गर्न पाउने ट्रेड युनियनहरूको अधिकार,

(घ) कुनै खास देशको कानून अनुरूप प्रयोग हुने गरी हड्ताल गर्ने अधिकार ।

२. सैनिक बल वा प्रहरी वा राज्य प्रशासनका सदस्यद्वारा यी अधिकारहरूको प्रयोगमा कानूनी प्रतिबन्ध लगाउन यस धाराले रोक लगाउने छैन ।

३. यस धाराको कुनै पनि कुराले संघको स्वतन्त्रता तथा संगठन गर्ने अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको सन् १९४८ को महासन्धिका पक्ष राष्ट्रहरूलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरूलाई प्रतिकूल प्रभाव पार्ने कानूनी उपायहरु अपनाउन वा त्यसरी प्रतिकूल प्रभाव पार्ने गरी कानून लागू गर्न अख्तियारी दिने छैन ।

## धारा ९

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको सामाजिक बीमा लगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन् ।

## धारा १०

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु देहायका कुराहरु स्वीकार गर्दछन्-

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ । इच्छुक बर बधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ । यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी विदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको विदा दिनुपर्दछ ।

३. पितृत्व वा अन्य अवस्थाहरूका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा तरूणहरूको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरु अपनाउनु पर्दछ । आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरूणहरूको संरक्षण गर्नुपर्दछ । उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ । राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेर भन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ ।

## धारा ११

१ प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरु चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरु अवलम्वन गर्नेछन्:

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सन्चय तथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरु दूबैका समस्याहरूलाई ध्यान दिंदै आवश्यकता अनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

## धारा १२

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा निम्न कुराका लागि आवश्यक कदमहरु समेत समावेश हुनेछन्ः

(क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सबै पक्षहरूको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) विरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना ।

## धारा १३

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन् । मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकास तर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरु प्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरु सहमत छन् । स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरु बीच समझदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्ने तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र संघका क्रियाकलापहरूलाई अघि बढाउन शिक्षाले सबै व्यक्तिहरूलाई सबल वनाउनेछ भन्ने कुरामा समेत उनीहरु सहमत छन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले देहायका कुराहरु स्वीकार गर्छन् :-

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुनेछ,

(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा लगायत विभिन्न रूपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्वनबाट सबैका लागि सामान्यत प्राप्य र पहुँचयोग्य बनाईनेछ,

(ग) सवैका लागि क्षमताका आधारमा हरेक उचित उपाय खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्वनवाट उच्च शिक्षा समान रूपमा पहुँचयोग्य बनाईनेछ,

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पुरा नगरेका व्यक्तिहरूको लागि यथासंभव मूलभूत शिक्षालाई प्रोत्साहित गरिने र तीव्र पारिनेछ,

(ङ) सबै तहहरूमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रूपमा अवलम्वन गरिने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरु बाहेक पक्ष राष्ट्रहरूले व्यवस्था गरेका वा स्वीकृति दिएका न्यूनतम शैक्षिक मापदण्ड अनुरूप चल्ने विद्यालयहरु छान्ने र आफ्नो आस्था अनुसार आफ्ना बालबालिकाको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्ने मातापिताको र लागू हुने अवस्थामा कानूनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिईने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेका न्यूनतम मापदण्डहरु अनुरूप हुनु पर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरु स्थापित र निर्देशित गर्ने व्यक्ति तथा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

## धारा १४

प्रस्तुत प्रतिज्ञापत्रको पक्ष हुँदाका बखत आफ्नो महानगरीय ईलाका वा आफ्नो अधिकार क्षेत्रभित्रका अन्य ईलाकाहरूमा सबैका लागि निःशुल्क अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्न नसकेको प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले योजनामा तोकिने वर्षको उचित अवधिभित्रमा सबैका लागि निःशुल्क अनिवार्य शिक्षाको सिद्धान्तको प्रगतिशील कार्यान्वयन गर्न, दुई वर्षभित्र विस्तारित कार्य योजना तयार पारी ग्रहण गर्ने प्रतिज्ञा गर्दछ ।

## धारा १५

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छन:

(क) साँस्कृतिक जीवनमा सहभागी हुने,

(ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

(ग) आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने ।

२. यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा विज्ञान र सँस्कृतिको सञ्चय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरु समेत समावेश हुनेछन् ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु वैज्ञानिक अनुसन्धान तथा सृजनात्मक कृयाकलापका लागि अपरिहार्य स्वतन्त्रताको सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु वैज्ञानिक तथा साँस्कृतिक क्षेत्रमा अन्तर्राष्ट्रिय सम्पर्क तथा सहयोगको प्रोत्साहन र विकासबाट हासिल गरिने फाईदा स्वीकार गर्दछन् ।

## भाग ४

### धारा १६

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरूको पालना गर्न आफूले ग्रहण गरेका उपाय तथा तत्सम्बन्धमा हासिल गरिएको प्रगति सम्बन्धी प्रतिवेदनहरु प्रतिज्ञापत्रको यस भाग अनुरूप पेश गर्ने प्रतिज्ञा गर्दछन् ।

२. (क) सबै प्रतिवेदनहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गरिनेछन् । निजले प्रतिवेदनका प्रतिहरु प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरूप आर्थिक तथा सामाजिक परिषद्लाई विचारका लागि प्रसार गर्नेछन् ।

(ख) संयुक्त राष्ट्र संघका महासचिवले विशिष्टिकृत निकायहरूलाई पनि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष भएका सदस्य राष्ट्रहरूबाट प्राप्त निवेदनहरु तथा त्यसका अंशहरु त्यस्ता निकायका विधानहरु अनुरूपका उत्तरदायित्वहरु भित्र पर्ने कुनै पनि विषयसँग सम्बन्धित भएमा ती प्रतिवेदन र तिनका सान्दर्भिक अंशहरु त्यस्ता निकायहरूलाई पनि प्रसार गर्नेछन् ।

### धारा १७

१. पक्ष राष्ट्रहरु तथा सम्बन्धित विशिष्टिकृत निकायहरूसँग छलफल गरी प्रस्तुत प्रतिज्ञापत्र लागू भएको एक वर्षभित्र आर्थिक तथा सामाजिक परिषद्बाट निर्धारण गरिने कार्यक्रम अनुरूप प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले विभिन्न चरणमा आफ्ना प्रतिवेदनहरु पेश गर्नेछन् ।

२. प्रतिवेदनहरूमा प्रस्तुत प्रतिज्ञापत्र अन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कारण तथा कठिनाईहरु उल्लेख गर्न सकिनेछ ।

३. संयुक्त राष्ट्र संघ वा कुनै विशिष्टिकृत निकायलाई प्रस्तुत प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रले सान्दर्भिक जानकारी अगाडि नै दिईसकेको भए त्यस्तो जानकारी पुनः पेश गर्न आवश्यक हुने छैन । तर त्यसरी दिईएको जानकारीको संक्षिप्त यथार्थ सन्दर्भ पर्याप्त हुनेछ ।

## धारा १८

मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको क्षेत्रमा संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गतका आफ्ना उत्तरदायित्वहरु वमोजिम आर्थिक तथा सामाजिक परिषद्ले विशिष्टिकृत निकायहरूसँग उनीहरूका आफ्ना कृयाकलापका क्षेत्रभित्र पर्ने प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरूको पालनाको सम्बन्धमा भएका प्रगतिबारे आफू समक्ष प्रतिवेदन दिने व्यवस्था गर्न सक्नेछ । यस्ता प्रतिवेदनमा त्यस्ता निकायहरूका सक्षम अंगहरूबाट यस्तो कार्यान्वयनका सम्बन्धमा ग्रहण गरिएका निर्णय तथा सिफारिशका विवरणहरु समेत समावेश गर्न सकिनेछ ।

## धारा १९

आर्थिक तथा सामाजिक परिषद्ले धारा १६ र १७ अनुरूप पक्ष राष्ट्रहरूले पेश गरेका मानव अधिकार सम्वन्धी प्रतिवेदनहरु तथा धारा १८ अनुरूप विशिष्टिकृत निकायहरूले पेश गरेका मानव अधिकार सम्बन्धी प्रतिवेदनहरु अध्ययन र सामान्य सिफारिश तथा उपयुक्ततानुसार जानकारीका लागि मानव अधिकार सम्बन्धी आयोगलाई पठाउन सक्नेछ ।

## धारा २०

धारा १९ अन्तर्गत गरिएको कुनै सामान्य सिफारिश वा मानव अधिकार सम्बन्धी आयोगको कुनै प्रतिवेदनमा भएको यस्तो सामान्य सिफारिशको विषयमा वा त्यसमा उल्लिखित कुनै कागजातको कुनै सन्दर्भका सम्वन्धमा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु र सम्बन्धित विशिष्टिकृत निकायहरूले आर्थिक तथा सामाजिक परिषद् समक्ष प्रतिकृयाहरु पेश गर्न सक्नेछन् ।

## धारा २१

प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सामान्य पालनाका लागि लिइएका उपायहरु तथा तत्सम्बन्धमा हासिल गरिएका प्रगतिहरु बारे प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु र विशिष्टिकृत निकायहरूबाट प्राप्त जानकारीको सारांश तथा सामान्य प्रकृतिका सिफारिश समावेश भएका प्रतिवेदनहरु आर्थिक तथा सामाजिक परिषद्ले समय समयमा महासभा समक्ष पेश गर्न सक्नेछ ।

## धारा २२

आर्थिक तथा सामाजिक परिषद्ले प्राविधिक सहायता उपलब्ध गराउने कार्यसँग सम्बन्धित संयुक्त राष्ट्र संघका अन्य अङ्गहरु, तिनीहरूका सहायक अङ्गहरु तथा विशिष्टिकृत निकायहरूले आफ्नो सक्षमताभित्र रही प्रस्तुत प्रतिज्ञापत्रको प्रभावकारी प्रगतिशील कार्यान्वयनमा योगदान दिनसक्ने खालका अन्तर्राष्ट्रिय उपायहरूको ग्रहणयोग्यताको बारेमा निर्णय गर्न सघाउ पुऱ्याउन सक्ने प्रस्तुत प्रतिज्ञापत्रको यस भागमा उल्लिखित प्रतिवेदनहरूबाट उत्पन्न कुनै पनि कुरालाई त्यस्ता निकायहरूको ध्यानमा ल्याउन सक्नेछ ।

## धारा २३

प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको प्राप्तिको लागि गरिने अन्तर्राष्ट्रिय कृयकलापमा महासन्धि सम्पन्न गर्ने, सिफारिश ग्रहण गर्ने, प्राविधिक सहायता उपलब्ध गराउने तथा सल्लाह र अध्ययनको उद्देश्यको लागि सम्बन्धित सरकारहरूसँग मिलेर आयोजना गरिएका क्षेत्रीय तथा प्राविधिक वैठकहरु गर्ने जस्ता तरीकाहरु समावेश हुन्छन् भनी प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु मन्जूर गर्दछन् ।

## धारा २४

संयुक्त राष्ट्र संघको बडापत्रका व्यवस्थाहरु तथा प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित कुराहरूका सम्वन्धमा संयुक्त राष्ट्र संघका विभिन्न अंगहरु र विशिष्टिकृत निकायहरूका आ–आफ्ना उत्तरदायित्वहरु परिभाषित गर्ने विशिष्टिकृत निकायका विधानका व्यवस्थाहरूलाई कमजोर पार्ने गरी प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

## धारा २५

आफ्ना प्राकृतिक सम्पत्ति तथा स्रोतहरूको पूर्ण र स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सबै जनताहरूको अन्तरनिहित अधिकारलाई आघात पार्ने गरी प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

## भाग ५

### धारा २६

१. प्रस्तुत प्रतिज्ञापत्र संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र तथा यसका कुनै विशिष्टिकृत निकायको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको पक्ष राष्ट्र तथा संयुक्त राष्ट्र संघको महासभाले प्रस्तुत प्रतिज्ञापत्रको पक्ष हुन आमन्त्रण गरेको अन्य कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ ।

२. प्रस्तुत प्रतिज्ञापत्रलाई अनुमोदन गर्नु पर्नेछ । अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

३. प्रस्तुत प्रतिज्ञापत्र यस धाराको प्रकरण १ बमोजिमको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ ।

४. सम्मिलनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

५. संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत प्रतिज्ञापत्रमा हस्ताक्षर गरेका वा यसमा सम्मिलित भएका सबै राष्ट्रहरूलाई अनुमोदन वा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कुराको जानकारी दिनेछन् ।

### धारा २७

१. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएको मितिले तीन महिना देखि प्रस्तुत प्रतिज्ञापत्र लागू हुनेछ ।

२. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत दाखिला भएपछि प्रस्तुत प्रतिज्ञापत्रको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिना देखि प्रस्तुत प्रतिज्ञापत्र लागू हुनेछ ।

### धारा २८

प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरु संघीय राष्ट्रका सबै भागहरूमा कुनै सीमा वा अपवाद विना विस्तार हुनेछन् ।

## धारा २९

१. प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्र संघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ । महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरूको सम्मेलन गर्ने पक्षमा उनीहरु भए नभएको कुराको सूचना निजलाई दिने अनुरोध सहित प्रस्तावित संशोधन पक्ष राष्ट्रहरूलाई पठाउने छन् । कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सो सम्मेलनको आयोजना गर्नेछन् । महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुत्त राष्ट्र संघको महासभा समक्ष पेश गर्नेछन् ।

२. संयुक्त राष्ट्र संघको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूको दुई तिहाई बहुमतबाट आ–आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भए पछि संशोधनहरु लागू हुनेछन् ।

३. संशोधनहरु लागू भएपछि ती संशोधनहरु स्वीकार गर्ने पक्ष राष्ट्रहरूका हकमा वाध्यात्मक हुनेछन् भने अन्य पक्ष राष्ट्रहरूका हकमा प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा उनीहरूले स्वीकार गरेका कुनै पनि अधिल्ला संशोधनहरु बाध्यात्मक हुनेछन् ।

## धारा ३०

धारा २६ को प्रकरण ५ अन्तर्गत सूचना दिईएको भए तापनि संयुक्त राष्ट्र संघका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सवै राष्ट्रहरूलाई देहायका विवरणहरूको जानकारी दिनेछन्ः

(क) धारा २६ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरु,

(ख) धारा २७ अन्तर्गत प्रस्तुत प्रतिज्ञापत्र लागू हुने मिति र धारा २९ अन्तरगतका संशोधनहरु लागू हुने मिति ।

## धारा ३१

१. अरवी, चिनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समान रूपले प्रामाणिक हुने प्रस्तुत प्रतिज्ञापत्र संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ ।

२. संयुक्त राष्ट्र संघका महासचिवले धारा २६ मा उल्लिखित सबै राष्ट्रहरूलाई प्रस्तुत प्रतिज्ञापत्रका प्रमाणित प्रतिहरु पठाउने छन् ।

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३, ४२३३५२४, ४२३३५२५
फ्याक्स : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com.np
Website : www.fwld.org

यो प्रकाशन **The Ford Foundation** को सहयोगमा प्रकाशित गरिएको हो ।